# परिच्छेद एक : परिचय

यस परिच्छेद अन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको औचित्य, अध्ययनको उद्देश्य, अनुसन्धानात्मक प्रश्न र अध्ययनको परिसीमा शीर्षकहरूमा अध्ययन गरिएको छ ।

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा मानिसको सर्वाङ्गीण विकास गराउने साधन हो । शिक्षाको माध्यमबाट व्यक्तिले आफ्ना सामाजिक, आर्थिक, शैक्षिक लगायत सम्पूर्ण पक्षमा समायोजित हुन मद्धत पुग्छ । शिक्षा जन्मेदेखि नमरून्जेलसम्म चलिरहने प्रक्रिया हो । मानिसको उत्पत्ति सँगसँगै शिक्षाको उत्पत्ति भएको हो र मानव सभ्यताको विकाससँगै शिक्षाको पनि विकास हुदै आएको छ । प्राचिन कालको शिक्षा अनौपचारिक थियो । समाजको बढ्दो जटिलताका कारण यस्तो शिक्षाले समाजको आवश्यकता पूरा गर्न नसकेकोले औपचारिक शिक्षाको रूपमा विद्यालयहरूको स्थापना भएका थिए तर विद्यालयको शुरूवात कहिलेदेखि भएको हो भनी किटान गरेको पाइदैन । सुप्रसिद्ध दार्शनिकहरू सुकरात, प्लेटो र अरिस्टोटलको वैचारिक जगमा शिक्षाको संरचना कायम भएको थियो । पश्चिमेली सभ्यतामा इस्वी पूर्व ४००-५०० शताब्दीतिर ग्रीस शिक्षा प्रणाली अनुसार दार्शनिक प्लेटोको विद्यालयलाई पहिलो विद्यालय शिक्षाको शुरूवात भएको मानिन्छ (शर्मा २०६७ : १३) । त्यस्तै पश्चिममा ग्रीसेली, रोमेली शिक्षा प्रणालीबाट विकास गर्दै वैज्ञानिक ज्ञान र उपलब्धि प्रदान गरेर विश्वलाई नै साँगुरो पारिदिएको थियो । पूर्वको प्राचिन शिक्षा प्रणालीमा वैदिक र बुद्ध शिक्षा दिने संस्थाको विकास भएको पाइन्छ । हालको अफगानिस्तानमा तक्षशिला र भारतको विहारमा नालन्दा विश्वविद्यालय स्थापना गरिएको थियो । विहार वा गुम्वाहरूमा आध्यात्मिक क्षेत्रमा उच्च शिक्षा प्रदान गरिन्थ्यो (वाग्ले र कार्की २०६१:१६५) ।

मध्यकालको ९औँ शताब्दी पछि ईशाई युग, पाण्डित्यवादको युग, पुनर्स्थापनाको युग, पुनर्जागरणको युग आदिको रूपमा विकास हुँदा धेरै विद्यालयको स्थापना भएका थिए । यसै युगबाट वैज्ञानिक शिक्षाको थालनी भएको थियो । आधुनिक कालको स्थापना १५ औं

शताब्दीमा भएको थियो । यसकालको २०औं शताब्दीमा शिक्षामा सामाजिक चिन्तन र प्राविधिक शिक्षाको विकास भयो । २१औं शताब्दीमा शिक्षाले गर्दा भूमण्डलीकरण, विद्युतीय सञ्चार, विज्ञान र प्रविधिमा चरम विकास भएको छ साथै शिक्षालाई आजसम्मको अवस्थामा ल्याउन विभिन्न शिक्षाविद्हरू जस्तै अगस्तेकम्ते, हेनरीफावल, रूसो, फ्रोबेल, मन्टेश्वरी, जोनडिवे, पाउलो फ्रेरे आदिको अहम् योगदान रहेको थियो । यी विचारहरूले शिक्षालाई एक छुटै बिधाको रूपमा स्थापित गराउन सफल भएको थियो (शर्मा, २०६७) ।

नेपालको सन्दर्भमा वि.सं. १९४२ मा दरवार हाईस्कुललाई सर्वसाधारणको लागि खुल्ला गरिए पछिमात्र औपचारिक शिक्षाको शुरूवात भएको हो । वि.सं. १९७५ मा मानविकीतर्फको इन्टरमिडियट स्तरको त्रिचन्द्र कलेज चन्द्रशमशेरले स्थापना गरेका थिए । वि.सं. १९९० मा एस.एल.सी.वोर्डको स्थापना भए पश्चात वि.स.२००७ सालसम्ममा २ कलेज (त्रिचन्द्र र संस्कृत), १३ वटा मा.वि.,३२१ प्रा.वि.हरू सञ्चालित थिए । त्यसपछि शिक्षाको विकास तिब्रतर रूपमा भएको पाइन्छ (वाग्ले र कार्की २०६१:१८६) ।

वि.सं. २०११ सालमा गठन भएको नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको सिफारिसमा वि.सं २०१३ सालमा शिक्षकलाई तालिम दिन नर्मल स्कूल र कलेज अफ एजुकेसनको स्थापना गरिएको थियो । वि.सं २०१६ सालमा प्रथम विश्वविद्यालय त्रि.वि.को स्थापना गरिएको थियो । वि.सं २०१८ मा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति गठन गरिएको थियो । यसै गरी वि.सं २०२८ सालमा राष्ट्रिय शिक्षा पद्दतिको योजना कार्यान्वयन गरी नेपालमा सर्वप्रथम पाठ्यक्रमको निर्माण गरी शिक्षामा राष्ट्रिय पाठ्यक्रम ल्याइएको थियो ।

वि.सं २०४६ सालको जनआन्दोलन पछि पुर्नस्थापना भएको बहुदलीय प्रजातान्त्रिक व्यवस्था अनुकुल राष्ट्रिय शिक्षाको उद्देश्य स्पष्ट गरी सरकारलाई सुझाव प्रस्तुत गर्न गठित राष्ट्रिय शिक्षा आयोग २०४९ को प्रतिवेदनका आधारमा १० वर्षे विद्यालय शिक्षामा २ वर्ष थप गरी उच्च माध्यमिक शिक्षा प्रदान गर्ने र विद्यालयिय शिक्षा १२ वर्षको हुनु पर्ने सिफारिस गऱ्यो । त्यस्तै गरि २०५५ सालमा उच्चस्तरिय राष्ट्रिय शिक्षा आयोगले उच्च माध्यमिक शिक्षा लाई जोड दियो (उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०५५) ।

## उच्च माध्यमिक शिक्षा

विश्वव्यापी रूपमा र दक्षिण एसियाली राष्ट्रहरूमा प्रमाणपत्र तहलाई विद्यालयको शैक्षिक संरचनाभित्र समावेश गरिएकाले नेपालमा पनि उच्च माध्यमिक शिक्षाको महसुस गरी वि.सं. २०४६ कार्तिक ११ गते उच्च माध्यमिक शिक्षा ऐन २०४६ प्रकाशन गरियो । २०४६ साल फाल्गुण १२ गते उच्च माध्यमिक शिक्षा परिषद् सचिवालय गठन भई शै.स. २०४९ सालदेखि यस परिषद्को सम्बन्धन लिई उच्च माध्यमिक विद्यालयहरू स्थापना भई कक्षा ११ को पठनपाठनको शुरूवात भएको हो । २०४९ सालमा सम्बन्धन प्राप्त ३५ वटा उ.मा.वि.को कक्षा ११ मा १३३८ विद्यार्थी भर्ना भएका थिए । शै.स. ०५९/०६० मा ७९८ उ.मा.वि.ले सम्बन्धन प्राप्त गरेका थिए जसमा कक्षा ११ मा मात्र ६७००० विद्यार्थी भर्ना भएका थिए । हाल वि.सं. ०६७/०६८ सम्म ३०६७ उ.मा.वि.ले सम्बन्धन प्राप्त गरिसकेका छन् । जसमध्ये सामुदायिक उ.मा.वि.(१-१२) २२४४ छन्, निजी उ.मा.वि. (१-१२) तर्फ ५२९ छन्, ०+२ उ.मा.वि. तर्फ १५८ तथा पब्लिक उ.मा.वि. तर्फ १३६ को संख्यामा रहेका छन् । जसमा १३५ वटा पाठ्यक्रमहरू अध्यापन भइरहेका छन् । हाल त्रिभुवन विश्वविद्यालय र महेन्द्र संस्कृत विश्वविद्यालयको प्रमाणपत्र तह विस्थापित भइसकेकोले उ.मा.वि. मा विद्यार्थीको चाप बढ्दै गइरहेको छ । बर्षेनी करिब साँढे नौ लाख विद्यार्थी उ.मा.वि. का कक्षा ११ र १२ मा अध्ययन गर्ने गरेका छन् र यो संख्या अझ बढ्दै जाने अवस्था छ (संप्रेषण, २०६७) ।

नेपालको शिक्षा प्रणालीको संरचना अनुसार कक्षा १ देखि १० सम्मको शिक्षालाई विद्यालय शिक्षाको रूपमा लिइदैं आएको छ । विद्यालय शिक्षाको अन्तमा लिइने प्रवेशिका परीक्षा उत्तीर्ण विद्यार्थीलाई विद्यालयकै संरचना भित्र अध्ययन गर्न दुई वर्षे शिक्षा +२ लाई उच्च माध्यमिक शिक्षाको रूपमा लिइएको छ । उक्त शिक्षा दिन खोलिएका विद्यालयलाई उ.मा.वि.को रूपमा लिइएको छ । खास गरी १७-१८ वर्षका कलिला किशोर किशोरीलाई विश्व विद्यालयको खुल्ला वातावरणमा भन्दा विद्यालय शिक्षाको कडा अनुशासनमा राखेर शिक्षण गर्नु उपयुक्त हुने महशुस गरी २१ औं शताब्दीको विश्वव्यापीकरण, ज्ञानको विस्फोटन तथा सूचना र सञ्चारको विकाससँग समायोजन हुन सक्ने, राष्ट्रिय अन्तरराष्ट्रिय रूपमा विभिन्न क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने मध्यम स्तरीय जनशक्ती उत्पादन गर्ने, तल्लो

वर्गका जनाताका छोराछोरी, दलित, जनजाति, आदिबासी, सीमान्तकृत तथा छात्राहरू सबैलाई शिक्षामा समान अवसर प्रदान गरी सर्वसुलभ शिक्षा दिने र उच्च शिक्षा हासिल गर्न सक्षम बनाउने आधारशिला तयार गर्ने उद्देश्यका साथ उच्च माध्यमिक शिक्षाको आवश्यकता र महत्वको सम्बन्धमा निम्न कुरा उल्लेख गरिएको छ ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, (२०४९) का अनुसार “१६ वर्षको उमेरमा एस्.एल्.सी. परीक्षा उत्तीर्ण गरी क्याम्पसमा पढ्ने हालको व्यवस्था शैक्षिक दृष्टिकोणले त्यति उपयुक्त होइन । त्यस उमेरका विद्यार्थीहरूलाई माध्यमिक विद्यालयकै शैक्षिक वातावरणमा शिक्षकको निगरानीमा अध्यापन गराउन बढी उपयुक्त हुन्छ । माध्यमिक विद्यालयमा कक्षा ११ र १२ थपेर अध्ययन गर्ने अवसर प्रदान गरिएमा देशका अधिकांश अविभावकहरूलाई आफ्ना बालबच्चालाई उच्च शिक्षा दिनमा खर्चको कटौती हुन गई राहत मिल्ने हुन्छ । एस्.एल्.सी. परीक्षा उत्तीर्ण भइसकेपछि कुनै व्यवसायिक तालिम तिर लाग्ने खालका विद्यार्थीलाई व्यवसायमूलक उच्च माध्यमिक शिक्षा दिने व्यवस्था गरी उनीहरूलाई विद्यालय शिक्षा पुरा गर्ने बित्तिकै कमाएर खान सक्षम बनाउन सकिने हुन्छ । हालको एस्.एल्.सी. पाठ्यक्रम र प्रविणता प्रमाणपत्र तहको पाठ्यक्रमवीच ठूलो खाडल छ । यसै कारणले प्रविणता प्रमाणपत्र तहमा धेरै प्रतिशत विद्यार्थीहरू असफल हुन्छन् । कक्षा ११ र १२ उच्च माध्यमिक विद्यालममा सञ्चालन गराए पछि यी दुई तहको खाडल हटाउन सकिने र उच्च माध्यमिक शिक्षाको अन्तमा लिइने परीक्षामा विद्यार्थीहरू बढी संख्यामा उत्तीर्ण हुन सक्छन् । वर्तमान अवस्थामा उच्च शिक्षाको अवसरको बढी प्रयोग शहर तथा सदरमुकाममा बसोबास गर्नेका छोराछोरीले पाउने अवस्था रहेको हुँदा शिक्षामा समान अवसरको व्यवस्था त्यति राम्रो छैन । अव माध्यमिक विद्यालयमा कक्षा ११ र १२ सञ्चालन गरेपछि गाउँघरका छात्रछात्रालाई समेत उच्च शिक्षातिर उन्मुख हुने उच्च माध्यमिक तहको शिक्षा सुलभ हुनेछ ।”

उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, (२०५५) का अनुसार “उच्च माध्यमिक शिक्षा कार्यक्रम ग्रामीण तथा दुर्गम क्षेत्रका विद्यार्थीलाई आफूले अध्ययन गरेको विद्यालयमा आफ्नै गाउँघरमा बसेर शुलभ शिक्षा प्रदान गराउने अन्तराष्ट्रिय प्रचलनलाई समेत ध्यानमा राखी नेपालमा पनि लागु भई हालसम्म सञ्चालन भइरहेको छ । उच्च माध्यमिक शिक्षालाई उच्च शिक्षा र माध्यमिक शिक्षा विचको सेतुका रूपमा लिइएको छ । १७-१८ वर्ष

उमेरका किशोर किशोरीहरूको शिक्षालाई विद्यालयकै संरचना भित्र राख्ने अन्तरराष्ट्रिय प्रचलनलाई समेत अनुशरण गरी विद्यालय शिक्षालाई १०+२ को रूपमा स्वीकार गरी यस किसिमको शिक्षाले मध्यमस्तरीय जनशक्ति तयार गर्ने र उच्च शिक्षाका लागि सक्षम विद्यार्थी तयार गर्ने कार्यमा विशेष महत्व राख्छ । साथै उच्च माध्यमिक शिक्षाले स्थानीय आवश्यकता अनुसारको जनशक्ति विकासमा पनि निकै मद्दत पुऱ्याउने ठानिएको छ ।"

हाल देशका उ.मा.वि.का प्राचार्यहरू, शैक्षिक योजनाकारहरू, प्रकाशकहरू, पाठ्यक्रमविद् तथा विषय विशेषज्ञहरू, नीति निर्माताहरूको सुझाव र सबैका लागि शिक्षा कार्यक्रम, माध्यमिक शिक्षा सहयोग कार्यक्रम, नेपाल सरकारको तीन वर्षिय अन्तरीम योजनामा आधारित नीतिका आधारमा लागु गरिएको विद्यालय क्षेत्र सुधार कार्यक्रम देशै भरी प्रारम्भ भएको छ । यस कार्यक्रमले विद्यलयको वर्तमान संरचनालाई हेरफेर गरी कक्षा १-८ लाई आधारभूत शिक्षा र कक्षा ९-१२ लाई माध्यमिक शिक्षा बनाई कक्षा १-१२ लाई समन्वयात्मक तथा एकिकृत रूपमा पुनरसंरचना गर्न खोजेको देखिन्छ तापनि व्यवहारमा उच्च माध्यमिक शिक्षा सम्बन्धी ठोस नीति र कार्यक्रम त्यसमा नआएकोले उ.मा.वि.ले कुनै परिवर्तन महसुस गरेका छैनन् । किनकी कक्षा ११ र १२ लाई प्रवेशिका परीक्षा पछि अध्ययन गर्ने कक्षाका रूपमा लिइएको छ । उ.मा.वि. सञ्चालन प्रक्रिया, परीक्षा सञ्चालन, आर्थिक अनुदान लगायतका कार्यक्रमहरू छुट्टै रूपमा सञ्चालित छन् । त्यसैले कक्षा १-१२ सञ्चालन गर्ने एउटै राष्ट्रिय बोर्ड गठन गरी एउटै छातासंगठन भित्र उ.मा.वि.लाई नल्याए सम्म यसको अस्तित्व मेटाएर ९-१२ लाई मा.वि. तह बनाउने नीति सफल हुँदैन अहिले उ.मा.वि.को संख्या बढ्दै गएको छ । तर यसमा सरकारी लगानी न्यून हुनुको कारण शैक्षिक जनशक्तिको उचित व्यवस्थापनमा ध्यान दिन नसकिएकोले धेरै उ.मा.वि.को शैक्षिक गुणस्तर कमजोर हुँदै गएको छ । निजी क्षेत्रमा सञ्चालित उ.मा.वि. व्यापारीकरणतर्फ गइरहेका छन् भने कतिपय सामुदायिक उ.मा.वि.मा विद्यार्थी संख्या न्यून भइ आर्थिक अभावको कारण बन्द हुने अवस्थामा छन् । धेरै सामुदायिक उ.मा.वि.को वार्षिक परीक्षाको नतिजा निकै खस्कदै गइरहेको छ । यस्तो अवस्थामा उ.मा.वि.को शैक्षिकअवस्था कस्तो छ ? शैक्षिक अवस्था सुधार गर्न के के कार्य गर्नु पर्छ भनी यस शोधमा अध्ययन गर्न खोजिएको छ ।

## १.२ समस्याको कथन

यस अध्ययनको शीर्षक उ.मा.वि.को शैक्षिक अवस्था रहेको छ । हाल नेपालमा ३०६७ उ.मा.वि. सञ्चालित छन् । ती मध्ये धेरै उ.मा.वि.को शैक्षिक गुणस्तर, उपलब्धि राम्रो हुन सकेको छैन । निजी क्षेत्रमा सञ्चालित केही उ.मा.वि.को शैक्षिक नतिजा प्रतिशत राम्रो देखिए तापनि धेरै सामुदायिक उ.मा.वि.को नतिजा सन्तोषजनक छैन । सामुदायिक उ.मा.वि. मा पनि शहरी क्षेत्र र ग्रामीण क्षेत्रमा सञ्चालित उ.मा.वि.को शैक्षिक कुन कुन कारणले कमजोर रहेको छ ? विद्यार्थी भर्नादरको अवस्था कस्तो छ ? विद्यार्थीहरू किन न्यून संख्यामा उत्तीर्ण हुन्छन् ? विद्यार्थीको विषयगत सिकाई उपलब्धि कम हुनाको कारणहरू के के छन् ? योग्य दक्ष तालिम प्राप्त शिक्षकहरू उ.मा.वि.मा किन प्रवेश गर्दैनन् ? समुदायिक उ.मा.वि.को शैक्षिक गुणस्तर खस्कदै जानुमा कुन कुन तत्वको भूमिका रहेको छ ? उ.मा.वि.का प्रमुख शैक्षिक समस्या के के रहेको छन् ? उपरोक्त समस्या समाधान गर्न नसक्नुका कारण के के छन् ? भन्ने जस्ता विविध प्रश्नहरू समस्याको रूपमा उठ्ने गरेका छन् । तसर्थ यस अध्ययनमा उ.मा.वि.को शैक्षिक अवस्थालाई समस्याको कथनको रूपमा लिइएको छ ।

## १.३ अध्ययनको औचित्य

उच्च शिक्षाको प्रवेशद्वार र मध्यम स्तरीय जनशक्ति उत्पादन गर्ने आधार तहको रूपमा रहेको उ.मा.वि.मा विद्यार्थीहरूले छनोट गरेका विषयहरू र उनीहरूबाट प्राप्त शैक्षिक उपलब्धिले विद्यार्थीको भावी उच्च शिक्षा निर्दिष्ट हुने गर्दछ । त्यसैले उ.मा.वि.को शैक्षिक अवस्था राम्रो बनाई राख्न लागु गरिएका नीति तथा कार्यक्रमहरूको प्रभावकारीता र कार्यन्वयन तहमा देखा परेका समस्याहरूको सही समाधान हुन नसकेमा विद्यार्थीहरूको शैक्षिक उपलब्धि राम्रो हुदैन जसले गर्दा उनीहरूको उच्च शिक्षा प्राप्त गर्ने जग कमजोर हुन्छ र भविष्य अन्धकार हुन्छ । यस अध्ययनले उ.मा.वि.को शैक्षिक स्थिति र त्यसमा प्रभाव पार्ने पक्षहरूको अवस्था पहिचान गर्नेछ । उ.मा.वि.मा देखिएका शैक्षिक समस्याको सुक्ष्म अध्ययन गरी सही विश्लेषण गरेर दिइने सुझावको कार्यन्वयनले शैक्षिक गुणस्तर अभिबृद्धि गर्न मद्दत पुग्छ । यस अध्ययनमा शहरी र ग्रामीण क्षेत्रका सामुदायिक उ.मा.वि.

को शैक्षिक उपलब्धिको पहिचान गरी ती विद्यालयको शैक्षिक अवस्था तुलना गर्न र विद्यमान अवस्थामा देखिएका समस्याहरूको अध्ययन गरिएको छ । यस अध्ययनले उ.मा.शि. सँग सम्बन्धित विभिन्न विद्यालय, क्षेत्र, व्यक्ति, नीतिनिर्माता तथा अनुसन्धानकर्तालाई आवश्यक सहयोग पुऱ्याउनेछ र भावी दिनमा यस विषय क्षेत्रको सेरोफेरोमा अध्ययन गर्न चाहने सबैमा थप सहयोग पुग्ने भएकोले यो अध्ययनको औचित्य पुष्टि हुन्छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य निम्न अनुसार रहेका छन् :

क) उच्च माध्यमिक विद्यालयको शैक्षिक अवस्था पहिचान गर्नु ।

ख) उ.मा.वि.को शैक्षिक अवस्थामा प्रभाव पार्ने तत्वको खोजी गर्नु ।

ग) उ.मा.वि.का विद्यमान शैक्षिक समस्या पहिचान गर्नु ।

घ) उ.मा.वि.को शैक्षिक समस्या समाधानका उपयुक्त उपाय खोजी गर्नु ।

## १.५ अनुसन्धनात्मक प्रश्न

यस अध्ययनको उद्देश्य प्राप्तिको लागि निम्न अनुसारका अनुसन्धनात्मक प्रश्न प्रस्तुत गरिएको छ :

क) उ.मा.वि.मा कार्यरत शिक्षकहरूको शैक्षिक योग्यताको अवस्था कस्तो रहेको छ ?

ख) उ.मा.वि.मा विद्यार्थी भर्ना दरको अवस्था कस्तो रहेको छ ?

ग) उ.मा.वि.मा विद्यार्थीको बार्षिक परीक्षाको नतिजाको अवस्था कस्तो रहेको छ ?

घ) उ.मा.वि.मा विद्यार्थीको बार्षिक परीक्षाको विषयगत सिकाइ उपलब्धिको अवस्था के कस्तो छ ?

ङ) उ.मा.वि.को शैक्षिक क्रियाकलापमा प्रभाव पार्ने तत्व के के छन ?

च) उक्त तत्वहरूले के के प्रभाव पारेको छ ?

छ) ग्रामिण क्षेत्रका उ.मा.वि.मा देखापरेका शैक्षिक समस्याहरू के के छन ?

ज) शहरी क्षेत्रमा उ.मा.वि.मा देखा परेका शैक्षिक समस्याहरू के के छन् ?

झ) उ.मा.वि.का शैक्षिक समस्या समाधानका उपायहरू के के हुन सक्छन् ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययनमा देशको सम्पूर्ण उ.मा.वि.को राष्ट्रिय स्तरको समस्यालाई समेट्न खोजिएको भएता पनि अनुसन्धानकर्ताको समयको अभाव र आर्थिक कठिनाइको कारणले लुम्बिनी अञ्चलको पाल्पा जिल्ला अन्तर्गतका १८ वटा स्रोतकेन्द्रहरू मध्ये तानसेन स्रोत केन्द्रमा रहेको ५ वटा सामुदायिक उ.मा.वि. मध्ये सबै र रामपुर स्रोतकेन्द्रमा रहेका ६ वटा सामुदायिक उ.मा.वि. मध्ये ५ वटा सामुदायिक उ.मा.वि. गरी जम्मा १० वटा उ.मा.वि. मा मात्र यो अध्ययन सीमित गरिएको छ । यस अध्ययनलाई समग्रमा कक्षा ११ र १२ को विद्यार्थी भर्ना, वार्षिक परीक्षाको नतिजा अध्ययनमा सीमित गरिएको छ। सबै सङ्कायको सबै विषयको सिकाई उपलब्धि निकाल्न जटिल भएकोले शिक्षा सङ्काय अन्तर्गत २०६७ सालको कक्षा १२ को वार्षिक परीक्षामा प्राप्त विषयगत सिकाइ उपलब्धिमा अध्ययन सीमित गरिएको छ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

अनुसन्धान कार्यलाई अघि बढाउनु पूर्व नै सम्बन्धित विषय तथा क्षेत्रमा के कति अध्ययन अनुसन्धानहरू भएका छन्, कुन कुन साधन, सामाग्री र विधि प्रयोग गरिएका छन्, के के सुझाव दिइएका छन् त्यसको बृहत् अध्ययन गरी समिक्षा गर्नु नै सम्बन्धित साहित्यको पुनरावलोकन हो । यसले आफुले गरेको शोध अनुसन्धानलाई नयाँ बनाउन तथा शोध उद्देश्य अनुरूपको औचित्य स्पष्ट गर्न शोध कर्तालाई सहयोग पुग्छ । त्यसैगरी अध्ययनबाट प्राप्त सुचना तथा जानकारीहरूलाई सैद्धान्तिक खाकासँग सम्बन्धित गर्दै तथ्यहरूको व्याख्या, विश्लेषण गरेमा शोध बढी विश्वसनिय हुन जान्छ । यस परिच्छेद अन्तर्गत सम्बन्धित साहित्यको पुनरावलोकन, सैद्धान्तिक खाका र शैक्षिक उपादेयता प्रस्तुत गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

यस अनुसन्धानसँग मिल्दाजुल्दा विभिन्न सम्बन्धित शोधपत्र, उ.मा.शि.सँग सम्बन्धित सन्दर्भ सामग्री, अध्ययन प्रतिवेदनहरू, पत्रपत्रिका, बुलेटिन, शिक्षाविद्हरूको लेख, रचना अध्ययन गरी सम्बन्धित साहित्यको पुनरावलोकनको रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

उच्च माध्यमिक शिक्षाको उद्देश्य १५-१६ बर्ष उमेरका बालवालिकालाई स्थानीय रूपमै अध्यापन गराउनु, कक्षा ११ र १२ को अध्ययनको पहुँच बढाउनु तथा मध्यम स्तरीय जनशक्ति उतपादन गर्नु र व्यवहारिक शिक्षा प्रदान गर्नु हो । उ.मा.वि.मा अध्यापन गर्ने शिक्षक योग्य, तालिम प्राप्त हुनुपर्छ ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, (२०४९) का सुझाव अनुसार उ.मा.शि.को उद्देश्य मध्यम स्तरको जनशक्ति उत्पादन गर्ने हुनुपर्ने, पेशागत प्राविधिक शिक्षामा जोड दिनुपर्ने, उ.मा.वि. ६ वा ९ देखि १२ मा परिणत गर्ने नीति अपनाउनुपर्ने, उ.मा.वि. तहको व्यवस्थापन पनि माध्यमिक शिक्षा व्यवस्थापनको संगठन भित्रै समाहित गर्नुपर्ने, उ.मा.वि.

तहमा अध्यापन गर्ने शिक्षकको योग्यता स्नातकोत्तर उत्तीर्ण हुनुपर्ने, साधारण श्रोत उपलब्ध मा.वि.मा +२ थप गर्नुपर्ने उल्लेख गरिएको छ ।

उ.मा.वि.का शैक्षिक समस्याहरूमा संरचनात्मक तथा नीतिगत अस्पष्टता शिक्षकको सेवा सुविधा र स्थायीत्वको ग्यारेन्टी नहुनु, निरीक्षण प्रभावकारी नहुनु, सरकारी लगानी न्यून हुनु, जनसहभागिता कम हुनु, आदि कारणले यसको व्यवस्थापन कमजोर भई विद्यार्थीको शैक्षिक उपलब्धि न्यून भएको छ । यस कुरालाई उच्च स्तरीय शिक्षा आयोगको प्रतिवेदनबाट पनि पुष्टि हुन्छ ।

उच्च स्तरिय राष्ट्रिय शिक्षा आयोग (२०५५) को प्रतिवेदनमा उच्च माध्यमिक शिक्षालाई उच्च शिक्षा र माध्यमिक शिक्षा बिचको सेतुका रूपमा लिदै उ.मा.शि.का प्रमुख समस्याहरूमा उच्च माध्यमिक तहको संरचना र व्यवस्थापनमा भिन्नता हुनु, भौतिक सुविधाको अभाव, आंशिक शिक्षकको बाहुल्यता, योग्य शिक्षकको अभाव, सम्बन्धनमा सामाजिक न्यायको अभाव, आर्थिक श्रोत, शिक्षक प्रशिक्षणको अभाव, शिक्षकको स्थायित्व र सेवा सुविधाको अभाव, पाठ्यपुस्तकको अभाव, शुल्क र गुणस्तरमा विभेद, विद्यालय नक्साङ्कन सही रूपमा नगरिनु, निरिक्षणको प्रभावकारीता कम हुनु, जनसहभागिता निरूत्साहित हुनु आदि रहेका छन् । त्यसै गरी सुझावको रूपमा उ.मा.वि.को संरचना ६-१२ वा ९-१२ हुनु उपयुक्त हुने यसको वर्गीकरण सार्वजनिक, सामुदायिक र निजी हुनुपर्ने, सुगम तथा दुर्गम क्षेत्रमा खोलिने उच्च माध्यमिक कार्यक्रमका लागि छुट्टाछुट्टै नीति र शर्त तोकिनु पर्ने, उ.मा.वि.को भौतिक पूर्वाधार विकासको लागि नियमित अनुदान बाहेक एकमुष्ट रकम उपलब्ध गराउने नीति लिनुपर्ने, उ.मा.वि. खोल्ने अनुमति दिनु अघि आवश्यकता सम्बन्धि सम्भाव्यताको नक्साङ्कन अध्ययन गर्नुपर्ने, सम्बन्धनका पूर्व सर्तहरू पालन गर्नुपर्ने तथा चरणबद्ध रूपमा सम्बन्धन दिनुपर्ने, जनसहभागितालाई प्रोत्साहन गर्नुपर्ने, विद्यालयले प्रदान गर्ने सेवा तथा भौतिक सुविधा र सरकारी अनुदानको आधारमा शुल्क निर्धारण गर्नुपर्ने, शिक्षकको योग्यता कम्तिमा स्नातकोत्तर उत्तीर्ण हुनुपर्ने र पूर्णकालीन शिक्षक राख्नु पर्नेमा जोड दिनुपर्ने, केन्द्रिय स्तरको शिक्षक सेवा आयोगको व्यवस्था गरिनुपर्ने, विपन्न विद्यार्थीका लागि विशेष सुविधाको व्यवस्था गर्न सरकारले केही रकम छुट्याउनुपर्ने ।

उ.मा.वि. खोल्न पर्याप्त भौतिक व्यवस्थापन, आर्थिक स्रोत, पूर्णकालीन विषयगत तालिम प्राप्त शिक्षकको व्यवस्था हुनु पर्छ । गरिव जेहेन्दार विद्यार्थीलाई छात्रबृत्ति सुविधा दिइनु पर्छ । विद्यालयमा कम्तिमा १८० दिन पढाइ हुनुपर्दछ । एम्.एड्. उत्तीर्ण योग्य प्राचार्य हुनु पर्दछ । उच्च माध्यमिक शिक्षा परिषद्को विनियमले तोकेका मापदण्ड पूरा नगरी विद्यालयलाई सम्बन्धन दिने गर्दा पनि उ.मा.वि. हरूको शैक्षिक गुणस्तर राम्रो हुन सकेको छैन ।

उ.मा.शि.प.को सम्बन्धन सम्बन्धि विनियमहरू, (२०५५) मा सम्बन्धनका लागि पूर्वाधार उल्लेख गरिए अनुसार विद्यालयको पक्कि भवन, आवश्यक फर्निचर, कक्षाकोठाको उपयुक्त व्यवस्था हुनुपर्ने, पर्याप्त पुस्तकहरू भएको पुस्तकालय हुनुपर्ने, खेलमैदान, खानेपानी, शौचालय आदिको पर्याप्त व्यवस्था हुनुपर्ने, शिक्षकहरूको तलबखर्च भुक्तानी गर्न विद्यालयको नाममा पर्याप्त सञ्चालन खर्च वा स्थायी श्रोत हुनुपर्ने, विद्यालयको वरीपरी अन्य फिडर माध्यमिक विद्यालयहरू हुनपर्ने, कक्षा १ देखि १० सम्म सञ्चालन भएको विद्यालयले कक्षा १-५ छुट्टै सञ्चालन गर्नुपर्ने, कक्षा सञ्चालन गरिने विषयको कम्तिमा ४०% पूर्ण तालिम प्राप्त शिक्षकको व्यवस्था भएको हुनुपर्ने, प्राचार्य नेपाली नागरिक भई स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनुपर्ने आदि उल्लेख गरिएको छ । त्यस्तै सोही विनियममा सम्बन्धनका शर्तहरूमा परिषद्को पूर्व स्वीकृति विना विहान र वेलुका कक्षा सञ्चालन गर्न नपाइने, पढाई कम्तिमा १८० दिन हुनुपर्ने, विद्यार्थीको दैनिक हाजिरी कम्तिमा ७०% हुनपर्ने, परिषद्को नीति नियम निर्देशन पालन गर्नुपर्ने, एक सेक्सनमा ५० जना भन्दा बढी विद्यार्थी राख्न नपाइने, जम्मा विद्यार्थीको ३% दलित, अपाङ्ग, जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति दिइनुपर्ने, १०+२ लाई सम्बन्धनमा पहिलो प्राथमिकता दिनुपर्ने, भौगोलिक अवस्थितिलाई समेत आधार मानी सम्बन्धन दिने सर्तहरू उल्लेख गरिएको छ ।

सामुदायिक उ.मा.वि.हरूको शैक्षिक गुणस्तर, नतिजा, सिकाइ उपलब्धि, संस्थागत उ.मा.वि.को भन्दा कम रहेको छ । त्यसमा पनि ग्रामीण क्षेत्रका सामुदायिक उ.मा.वि.का विद्यार्थीको उत्तीर्ण प्रतिशत तथा सिकाइ उपलब्धि शहरी क्षेत्रका उ.मा.वि. भन्दा कम रहेको छ । ग्रामिण क्षेत्रमा योग्यता पुगेका र तालिम प्राप्त शिक्षकको अभाव र सुपरिवेक्षणको अभाव भएको कारणले पनि नतिजा राम्रो भएको छैन ।

सुवेदी, (२०६२) ले ग्रामीण क्षेत्रमा भन्दा शहरी क्षेत्रमा विद्यार्थी उत्तीर्ण प्रतिशत बढी भएको, स्नातकोत्तर उत्तीर्ण गरेका शिक्षकहरू धेरै प्रतिशत रहेको, तालिम प्राप्त शिक्षक बढी भएको, तथा दुवै क्षेत्रका विद्यालयहरूमा शैक्षिक समग्री, शिक्षक निर्देशिका, पाठ्यक्रम, पाठ्यपुस्तकको अभाव भएको र अनुगमनको पाटो फितलो भएको कुरा आफ्नो शोध पत्रमा उल्लेख गरेका छन् ।

निम्न वर्गका मानिसहरूलाई उच्च माध्यमिक शिक्षा प्रदान गर्न कठिन भएको अवस्था छ । उच्च माध्यमिक शिक्षाका पाठ्यक्रम व्यवहारिक तथा गुणस्तरीय छैनन् । उ.मा.वि.मा परम्परागत शिक्षक केन्द्रित शिक्षण विधि बढी प्रयोग गरिएको पाइन्छ । उच्च माध्यमिक शिक्षामा समानता र समताको अवस्था छैन ।

कोइराला, (२०६७) सम्प्रेषणमा उच्च माध्यमिक शिक्षाको चुनौती सम्बन्धमा उल्लेख भए अनुसार दलित पिछडिएको समुदाय र गरिवीको रेखा मुनी रहेका समूहलाई उच्च माध्यमिक शिक्षा प्रदान गर्न कठिन कार्य भएको, गुणस्तरीय शिक्षाको लागि पाठ्यक्रम र पाठ्यपुस्तकलाई आधुनिक र वैज्ञानिक बनाउनुपर्ने, स्थानिय पाठ्यसामग्रीको विकास र उपयोग गर्नुपर्ने, नविनतम र प्रविधियुक्त शिक्षणविधिको प्रयोग गर्नुपर्ने, शिक्षकको पेशागत सिप दक्षता बृद्धि गर्नुपर्ने, सहभागितामूलक व्यवस्थापन र भौतिक पूर्वाधारको विकास गर्नुपर्ने, शिक्षामा विद्यमान लैङ्गिक फाटो न्यूनिकरण गर्ने, सुविधाहिन र सेवाविहिन अल्प संख्यक व्यक्तिलाई शैक्षिक मूल प्रवाहीकरणमा ल्याई शिक्षामा समता र समानताको अवसर प्रदान गरी निश्चित लक्ष्य, रणनीति, कार्यनीति तयार गरी कार्यन्वयन गरिनुपर्ने उल्लेख गरिएको छ ।

हालको विद्यालय संरचना परिवर्तन गरी कक्षा १-८ लाई आधारभूत तह र कक्ष ९-१२ लाई माध्यमिक तहको रूपमा कायम गरी उ.मा.वि. सञ्चालन गरिएमा यसम देखिएका विद्यमान समस्याहरू निराकरण गर्न सकिन्छ । जुन कुलालाई विद्यालय क्षेत्र सुधार कार्यक्रमले पुष्टि गरेको छ ।

विद्यालय क्षेत्र सुधार कार्यक्रम, (२०६६) का अनुसार नेपालका विद्यालय क्षेत्रले भोलिरहेका चुनौती र जनताको आकांक्षा प्रतिविम्वित गर्ने कार्यक्रमको रूपमा विद्यालय क्षेत्र सुधार कार्यक्रम रहेको छ यस कार्यक्रम सन् २०१५ सम्म सबैका लागि शिक्षा प्रदान गर्ने कार्यक्रम अन्तर्गत विद्यालय पद्धतिको सुधारका लागि ल्याइएको हो । जसमा विद्यालयको तहगत संरचना १-८ आधारभूत तह र ९-१२ माध्यमिक तह रहनेछन् । आधारभूत शिक्षा र माध्यमिक शिक्षालाई एकिकृत गरी समन्वयात्मक रूपमा दिर्घकालीन सोचका साथ अघि बढाउने गरी शिक्षा मन्त्रालयले यो कार्यक्रम हाल देशव्यापी रूपमा कार्यन्वयन गर्न लागेको छ । यस कार्यक्रमले उ.मा.वि.को समग्र शैक्षिक अवस्था सुधारमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

उ.मा.वि.को उचित व्यवस्थापन विना यसमा देखिएका विविध समस्या समाधान गरी गुणस्तर युक्त शिक्षा दिन सकिदैन । हालको माध्यमिक शिक्षा बोर्ड र उच्च माध्यमिक शिक्षा वोर्डलाई समन्वय गरी सबैलाई मान्य हुने एउटा छुट्टै राष्ट्रिय शिक्षा बोर्डको विकास गरेर नयाँ संरचनामा जान सके मात्र उ.मा.वि.को गुणस्तर सुधार गर्न सकिन्छ ।

सामुदायिक उ.मा.वि.को गुणस्तर कमजोर हुनुमा राजनीतिक हस्तक्षेप व्यापक हुनु विद्यालय अनुगमनको पाटो कमजोर हुनु सरकारी लगानी न्यून हुनु जस्ता कारण रहेका छन् ।

शिक्षा सम्बन्धि उच्च स्तरिय कार्यसमिति, (२०५८) का अनुसार सामुदायिक उ.मा.वि.को गुणस्तर बृद्धि नहुनुमा व्यापक राजनीतिक हस्तक्षेप, कमजोर सुपरिवेक्षण एवम् अनुगमन संयन्त्र, योग्य तथा सक्षम र तालिम प्राप्त एवम् शिक्षण कार्यप्रति भुकाव भएका शिक्षकहरूको कमी, गुणात्मक शिक्षामा खर्चको अभाव, सरकारी लगानी न्यून हुनु आदि जस्ता कारकतत्वहरू उल्लेख गरिएको छ ।

माथिका साहित्य समीक्षाबाट अझै पनि उच्च माध्यमिक शिक्षालाई समयसान्दर्भिक अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धी बनाउन तथा मध्यम स्तरीय जनशक्ति उत्पादन गर्ने उद्देश्य अनुरूप विकास गराउन सकिएको छैन । उ.मा.वि.मा रहेका शैक्षिक, भौतिक, प्रशासनिक तथा सामाजिक समस्याहरू यथार्थ रूपमा पहिचान गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा

प्रतिस्पर्धा गर्न सक्ने युवा जनशक्ति तयार गर्न के गर्न सकिन्छ त्यसबारेमा आवश्यक राय सुझाव प्रस्तुत गर्न यो शोध अध्ययन गर्न खोजिएको छ ।

## २.२ सैद्धान्तिक खाका

कुनै पनि अनुसन्धान कार्यको लागि सैद्धान्तिक कार्यहरू अपरीहार्य हुन्छन् । यसले शोधकर्तालाई शोधको विषयसँग सम्बन्धित विविध समस्याहरू र त्यसलाई प्रभाव पार्ने तत्वहरूवीचको सैद्धान्तिक अन्तरसम्बध पत्ता लगाइ समस्या समाधानका उपाय खोजी गर्न मद्दत पुग्दछ । यसको लागि उपयुक्त सैद्धान्तिक खाकाहरू आवश्यक हुन्छ । विद्यालय एउटा सामाजिक प्रणाली भएकोले यस भित्र सञ्चालन हुने संगठनको उचित शैक्षिक व्यवस्थापनको लागि मानव सम्बन्धको सिद्धान्त र उत्प्रेरणा अभिबृद्धिको लागि उत्प्रेरणाको सिद्धान्त आवश्यक भएकोले यस अध्ययनको सैद्धान्तिक खाका निम्नानुसार उल्लेख गरिएको छ ।

### २.२.१ शैक्षिक व्यवस्थापनको मानव सम्बन्ध सिद्धान्त

यस अध्ययनमा काफ्ले र पौडेल (२०६४) ले उद्धृत गरे अनुसार मानव सम्बन्धका सिद्धान्तकार प्रो. जर्ज इल्टनमायोको विभिन्न प्रयोगबाट प्रतिपादित सिद्धान्त बमोजिम मानिस मानिसवीचको सम्बन्धले कामप्रति लगाव बढाउछ जसले शैक्षिक व्यवसथापनमा पनि ठूलो प्रभाव पार्छ । मानिसहरू समुहमा बसेर काम गर्न रूचाउँछन्, मानविय मूल्य मान्यताको अपेक्षा गर्छन् आर्थिक तथा गैरआर्थिक प्रोत्साहनले काम प्रति उत्साही हुन्छन्, आफुलाई अरूले महत्व दिउन् भन्ने चाहन्छन्, काम गर्दा सरसल्लाह, मार्गदर्शन र अभिप्रेरणा प्राप्त गर्ने चाहना राख्दछन् । त्यस्तै गरी मेरी पार्कर फोलेटका अनुसार हरेक संस्थामा काम गर्ने मानिससँग मानविय सम्बन्ध अत्यन्त सुमधुर हुनुपर्छ । प्रशासक र अन्य कर्मचारीबीच बैमनस्यता हुनु हुदैन । प्रजातान्त्रिक तथा सहभागिता मुलक सिद्धान्तलाई आत्मसात गर्नुपर्छ । त्यस्तै गरी मानव सम्बन्ध सिद्धान्तका अर्का सिद्धान्तकार मेरी पार्कर फोलेटका अनुसार शैक्षिक व्यवस्थापनमा प्रयोग गरिने सिद्धान्तहरूमा जिम्मेवार मानिससँग प्रत्यक्ष भेटेर समन्वय गर्नुपर्छ, समन्वयात्मक कार्यहरू कार्यक्रमको सुरूवात पूर्व नै गर्नुपर्छ,

संस्थाका प्रत्येक पहलहरू बीच समयमै पारस्परीक सम्बन्ध कायम गरी राख्नुपर्छ, व्यवस्थापकिय कार्य चुस्त र गतिशिल बनाउन समन्वयात्मक कार्य अविछिन्न रूपमा कार्यन्वयन गरिनु पर्दछ भन्ने सिद्धान्तको कार्यान्वयनले आर्थिकका अलवा शैक्षिक, मनोवैज्ञानिक र सामाजिक रूपले कर्मचारीलाई उत्प्रेरित गर्न र अधिक उत्प्रेरणाबाट अपेक्षित लक्ष्य, प्रतिफल प्राप्त गर्न मिलेर काम गर्ने वातावरण बनी शैक्षिक संस्थाहरूलाई फाईदा पुग्न गई शैक्षिक गुणस्तर अभिबृद्धि हुन्छ ।

### २.२.२ उत्प्रेरणाको आरोग्य सिद्धान्त

यस अध्ययनमा काफ्ले र पौडेल, (२०६४) ले उद्धृत गरे अनुसार संस्थामा काम गर्ने व्यक्तिलाई काम प्रति उत्प्रेरित गर्न सन् १९५० तिर फ्रेडरिक हजवर्गले प्रतिपादन गरेको उत्प्रेरणाको आरोग्य सिद्धान्त अनुसार असन्तुष्टि रोक्ने तत्वलाई आरोग्य तत्व र सन्तुष्टि बढाउने तत्वलाई उत्प्रेरित तत्व भनिन्छ । शैक्षिक संस्थामा काम गर्ने वातावरण वन्नलाई काम गर्ने व्यक्तिमा भएका असन्तुष्टि हटाउने र असन्तुष्टि हुन नदिने कार्य गर्नुपर्छ । जस अनुसार शैक्षिक संस्थाको उचित नीतिनियम र प्रशासन, उचित ज्याला तलब र सुविधा प्रभावकारी सुपरिवेक्षण, सहकर्मी बीचको राम्रो सम्बन्ध र कार्य गर्ने वातावरण, व्यक्तिगत जीवन सुरक्षा, जागिरको सुरक्षा आदि जस्ता तत्वहरूले शिक्षक तथा कर्मचारीहरूको कार्यमा उत्प्रेरित गर्न मद्दत पुऱ्याउँछन् । त्यसै गरी शिक्षण संस्थामा काम गर्ने व्यक्तिलाई उत्प्रेरित गर्न हजवर्गले शिक्षक कर्मचारीको मनोवल, सन्तुष्टि, कार्यकुशलता, उत्पादकत्व, नाफा आदि तत्वले सकरात्मक प्रभावपारी कार्यशैलीमा जागर ल्याइदिन्छ । उनका अनुसार मानिसलाई उत्प्रेरित बनाउने तत्वहरूमा मान्यता तथा पहिचान, उपलब्धि, चुनौतीपूर्ण काम, उत्तरदायित्व, व्यक्तिगत वृत्ति आदि रहेका हुन्छन् । उपरोक्त तत्वहरू हुँदा काम गर्ने व्यक्तिहरू उत्प्रेरित हुन्छन् तर नहुँदा असन्तुष्ट हुन सक्छन् ।

उ.मा.वि.को शैक्षिक गुणस्तर बृद्धि गर्न विद्यार्थी उत्तीर्ण प्रतिशत र विषयगत सिकाइ उपलब्धि बढाउनु पर्छ । माथि उल्लेखित मानव सम्बन्ध सिद्धान्त तथा उत्प्रेरणाको आरोग्य सिद्धान्तलाई उ.मा.वि.को शैक्षिक व्यवस्थापनमा शिक्षण सिकाइमा प्राचार्य शिक्षकहरूले सही रूपमा प्रयोग गरिनु पर्छ । शिक्षकको शिक्षण प्रभावकारी बनाउन विद्यार्थीलाई सिकाइप्रति

जागरूक बनाउनु पर्छ । समुदायको चासो र जनसहभागिता बृद्धि गर्नु पर्छ । त्यसको लागि उपरोक्त सिद्धान्तहरू उपयोगी हुन्छन् । यस अध्ययनलाई तार्किक निष्कर्षमा पुऱ्याउन उपरोक्त सिद्धान्तले आधार प्रदान गरेको छ ।

### २.३ शैक्षिक उपादेयता

यस अध्ययनमा सम्बन्धित साहित्यको समिक्षात्मक विवरण प्रस्तुत गर्दा शोधअध्ययनको विश्वसनियता र वैधता वढेको छ । यसले अनुसन्धानलाई सही निश्कर्षमा पुऱ्याउन र अध्ययनलाई वास्तवमै नयाँ एवम् अर्थपूर्ण बनाउने सहयोग पुऱ्याएको छ । सम्बन्धित साहित्यको पुनरावलोकनले अध्ययनलाई उचित मार्ग दर्शन गरेको छ । अध्ययनलाई विषयान्तर हुनबाट बचाई संगठित एवम् उद्देश्यमुखी बनाउनुको साथै निश्चित सिद्धान्त तय गर्न मद्दत पुगेको छ । उ.मा.वि.का वास्तविक समस्या पहिचान गरी ग्रामीण र शहरी क्षेत्रमा देखापरेका शैक्षिक समस्या बीचको अन्तर पहिचान गरी ती क्षेत्रमा रहेका उ.मा.वि.को शैक्षिक स्तर बृद्धि गर्ने आवश्यक सुझाब प्राप्त गर्न मार्गनिर्देशित गरेको छ । साथै सम्बन्धित क्षेत्रका नीति, निर्माता, प्रयोगकर्ता र अनुसन्धान तथा शोधकर्तालाई यस अध्ययनले सहयोग पुऱ्याउने अपेक्षा रहेको छ ।

## परिच्छेद तीन : अध्ययन विधि

यस परिच्छेद तीनमा अनुसन्धनात्मक ढाँचा, जनसंख्या र नमूना छनोट, तथ्याङ्क सङ्कलनका साधनहरू, तथ्याङ्कका स्रोतहरू, तथ्याङ्क सङ्कलन प्रक्रिया र तथ्याङ्क विश्लेषण प्रक्रिया शीर्षकहरू समावेश गरिएको छ ।

### ३.१ अनुसन्धानात्मक ढाँचा

अनुसन्धानात्मक ढाँचा अध्ययनको एउटा प्रारूप हो । यस अध्ययन मुलत गुणात्मक विधिमा आधारित भए तापनि तथ्याङ्क सङ्कलन गर्दा परिमाणात्मक तथा गुणात्मक अनुसन्धान विधि दुबैलाई समेटिएकोले अध्ययन पूर्णतया मिश्रित ढाँचामा आधारित छ । ग्रामीण तथा शहरी क्षेत्रका सामुदायिक उ.मा.वि.को शैक्षिक अवस्था पहिचान गरी विश्लेषण गर्न परिमाणात्मक

ढाँचा र उ.मा.वि.का शैक्षिक अवस्थामा प्रभाव पार्ने तत्व पहिचान गर्ने तथा यसका शैक्षिक समस्या पत्ता लगाइ समस्या समाधानका उपाय सुझाउन गुणात्मक ढाँचा प्रयोग गरिएकोले समग्रमा अध्ययन  मिश्रित ढाँचामा आधारित छ ।

## ३.२ जनसंख्या र नमूना छनोट

अध्ययनको समग्र जनसंख्यालाई जनसंख्या भनिन्छ । समग्र रूपमा सबै जनसंख्यालाई लिइ अध्ययन गर्न गाह्रो हुने भएकोले यस अध्ययनमा प्रतिनिधीमुलक जनसंख्या लिइएको छ । जसलाई नमूना छनोट भनिन्छ । नेपालको लुम्बिनी अञ्चलका ६ जिल्ला मध्ये पाल्पा जिल्लामा १८ स्रोत केन्द्र छन् । जसमध्ये शैक्षिक दृष्टिकोणले महत्वपूर्ण मानिने तानसेन र रामपुर स्रोतकेन्द्र अन्तर्गतका ११ सामुदायिक उ.मा.वि. मध्ये नगर क्षेत्रबाट उद्देश्यमुलक नमूना छनोट विधि प्रयोग गरी ५ वटा सबै र ग्रामीण क्षेत्र रामपुर स्रोत केन्द्रमा रहेका ६ वटा सामुदायिक उ.मा.वि. मध्येबाट गोलाप्रथाद्वारा ५ वटा गरी जम्मा १० वटा सामुदायिक उ.मा.वि. अध्ययनका लागि नमूना विद्यालय छनोट गरिएको छ (हेर्नुस्, परिशिष्ट : ९) ।

**तालिका १ : नमूना छनोटका आधार**

| क्र. सं. | विवरण | जनसंख्या | नमूना छनोट संख्या | प्रतिशत | छनोटका आधार |
|---|---|---|---|---|---|
| १. | शहरी क्षेत्रका विद्यालय | ५ | ५ वटा | १०० | उद्देश्यमूलक विधि |
| २. | ग्रामीण क्षेत्रका विद्यालय | ६ | ५ वटा | ८३.३३ | गोलाप्रथाबाट |
| ३. | वि.व्य.स.अध्यक्ष | १० | १० जना | १०० | उद्देश्यमूलक विधि |
| ४. | प्राचार्य | १० | १० जना | १०० | उद्देश्यमूलक विधि |
| ५. | शिक्षक | १४३ | २० जना | १३.९८ | गोलाप्रथाबाट |
| ६. | विद्यार्थी | १९५२ | ६० जना | ३.०७ | गोलाप्रथाबाट |

स्रोत : स्थलगत सर्वेक्षण २०६८

तालिका १ अनुसार अध्ययन क्षेत्र अर्न्तगत शहरी क्षेत्र तानसेन स्रोत केन्द्रमा रहेका जम्मा ५ वटा सामुदायिक उ.मा.वि. उद्देश्यमुलक ढंगले र ग्रामिण क्षेत्र रामपुर स्रोत केन्द्रमा रहेका ६ वटा सामुदायिक उ.मा.वि. मध्ये ५ वटा गोला प्रथाद्वारा छनोट गरिएको छ । दशवटै उ.मा.वि. का प्राचार्य, शिक्षक, विद्यार्थी र वि.व्य.स. अध्यक्षहरू यस अध्ययनको जनसंख्याको

रूपमा लिइएको छ भने विद्यालयका प्राचार्यहरू १० जना, विद्यालय व्यवस्थापन वि.व्य.स. अध्यक्षहरू १० जना उद्देश्यमुलक नमूना छनोटमा परेका छन्  र उच्च माध्यमिक तहमा अध्यापनरत १४३ शिक्षक मध्ये प्रत्येक विद्यालयबाट २/२ गोलाप्रथाबाट छनोट गरि जम्मा २० जना शिक्षक र ती विद्यालयहरूमा अध्ययरत कुल १९५२ विद्यार्थी मध्ये प्रत्येक विद्यालयबाट कक्षा ११ र १२ का विद्यार्थी पर्ने गरी ३ छात्र तथा ३ छात्रा गरी कुल ६० जना विद्यार्थीहरूलाई गोलाप्रथाबाट छनोट गरी जम्मा १०० जनालाई यस अध्ययनको नमूना छनोट गरिएको छ ।

## ३.३ तथ्याङ्क सङ्कलनका साधन

उच्च माध्यमिक विद्यालयको शैक्षिक अवस्था शीर्षकको यस शोध अध्ययनमा निर्धारित गरिएका उद्देश्यहरू प्राप्तिका लागि निम्नानुसार साधन उत्तरदाता र प्राथमिकताका आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ  :-

**तालिका २ : तथ्याङ्क सङ्कलनका साधन, उत्तरदाता र प्राथमिकता क्षेत्र**

| क्र.सं. | उद्देश्य | साधन | उत्तरदाता | प्राथमिकता क्षेत्र |
|---|---|---|---|---|
| १ | उ.मा.वि.को शैक्षिक अवस्था पहिचान गर्नु | सर्वेक्षण फारम प्रश्नावली | प्राचार्य, शिक्षक | विद्यार्थी भर्ना, उत्तीर्ण प्रतिशत, सिकाइ उपलब्धि, शिक्षकको विवरण |
| २ | उ.मा.वि.को शैक्षिक अवस्थामा प्रभाव पार्ने तत्वहरूको खोजी गर्नु | अन्तरवार्ता प्रश्नावली | प्राचार्य, शिक्षक, विद्यार्थी, वि.व्य.स. अध्यक्ष | विद्यालयको आर्थिक (आय/व्यय),भौतिक, प्रशासनिक सामजिक |
| ३ | उ.मा.वि.का शैक्षिक समस्या पहिचान गर्नु | अन्तरवार्ता प्रश्नावली | प्राचार्य, शिक्षक, विद्यार्थी, वि.व्य.स. अध्यक्ष | शैक्षिक व्यवस्थापन, शिक्षकको सेवा शर्त, शिक्षण विधि, निरिक्षण, |
| ४ | उ.मा.वि.का शैक्षिक समस्या समाधानका उपाय सुझाउनु | अन्तरवार्ता प्रश्नावली | प्राचार्य, शिक्षक, विद्यार्थी, वि.व्य.स. अध्यक्ष | नीतिगत स्पष्टता, शिक्षक दरबन्दी, त्रिपक्षिय सम्बन्ध |

स्रोत : विद्यालय सर्वेक्षण २०६८

### (क) सर्वेक्षण फारम

उ.मा.वि.को शैक्षिक अवस्था पहिचान गर्ने उद्देश्य प्राप्तिका लागि आवश्यक तथ्याङ्क र सूचनाहरू सङ्कलन गर्न विद्यालयको वर्तमान शैक्षिक, भौतिक तथा प्रशासनिक अबस्थाको जानकारी हुने गरि विद्यालय सर्भेक्षण फारम तयार गरिएको थियो । (हेर्नुस परिशिष्ट : ५-७)

### (ख) अन्तरवार्ता प्रश्नावली

उ.मा.वि.को शैक्षिक अवस्था पहिचान गर्न, त्यसमा प्रभाव पार्ने तत्वहरूको खोजी गर्न विद्यमान शैक्षिक समस्याहरू पहिचान गर्न, समस्या समाधानका लागि उपायहरू सुझाउनका लागि आवश्यक तथ्याङ्क र सूचनाहरू सङ्कलन गर्न उत्तरदाताको रूपमा वि.व्य.स. अध्यक्ष, प्राचार्य, शिक्षक तथा विद्यार्थीलाई लिई अन्तरवार्ता प्रश्नावली फारम प्रयोग गरिएको छ (हेर्नुस परिशिष्ट : १-४) ।

## ३.४ तथ्याङ्कका स्रोत

यस अध्ययनको लागि आवश्यक तथ्याङ्कका स्रोत निम्न अनुसार प्रयोग गरिएका छन् ।

### क) प्राथमिक स्रोत

वि.व्य.स. अध्यक्ष, प्राचार्य, शिक्षक तथा विद्यार्थीसँगको अन्तरवार्ता प्रश्नावली, विद्यालय सर्वेक्षण फारम, विद्यालयको समग्र पक्षको प्रत्यक्ष अवलोकनबाट प्राप्त स्रोतहरू आदि रहेका छन् ।

### ख) सहायक स्रोत (द्वितीय स्रोत)

सम्बन्धित विद्यालयको लेखा शाखाबाट प्राप्त अभिलेख विवरण, स्रोतकेन्द्रमा भएको विद्यालय सर्वेक्षण फारम, सम्बन्धित विद्यालयको स्मारिका लेखरचना, जिल्ला शिक्षा कार्यालयबाट

प्राप्त विवरण, उ.मा.शि. परिषद्बाट प्रकाशित संप्रेषण पत्रिका लगायत अन्य प्रकाशित पत्रपत्रिका पुस्तकालयको अध्ययन, सम्बन्धित सम्बन्धित साहित्य, शोधपत्रको अध्ययन आदि रहेका छन् ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

यस शोध अध्ययनमा निर्धारित उद्देश्यहरू पूरागर्नको लागि तयार गरिएका तथ्याङ्क र सूचनाहरू सङ्कलनका साधनहरू अन्तरवार्ता प्रश्नावली तथा सर्वेक्षण फारम लिई शोधकर्ता स्वयं नमूना छनोट गरिएका उ.मा.वि.मा गई प्राचार्यसँग प्रत्यक्ष भेट गरी उत्तरदाताको रूपमा रहेका वि.व्य.स.अध्यक्ष, प्राचार्य, शिक्षक तथा विद्यार्थीहरूबाट भराई आवश्यक प्राथमिक तथ्याङ्क र सूचनाहरू सङ्कलन गरिएको छ भने विभिन्न लेख रचना, पत्रपत्रिका, सम्बन्धित साहित्य, शोधपत्रको अध्ययनबाट सहायक स्रोतहरू सङ्कलन गरिएको छ ।

## ३.६ तथ्याङ्क व्याख्या र विश्लेषण प्रक्रिया

सङ्कलित तथ्याङ्क तथा सूचना व्याख्या विश्लेषण गर्दा वर्णनात्मक विधि, गुणात्मक विधि एवम् आवश्यकता अनुसार परिमाणात्मक विधिलाई प्रयोग गरिएको छ । निर्धारित उद्देश्यलाई आवश्यक शीर्षक, उपशीर्षकमा विभाजन गरी वर्णनात्मक रूपमा व्याख्या विश्लेषण गरिएको छ । तथ्याङ्क र सूचनालाई तालिकामा प्रस्तुत गरी सामान्य तथ्याङ्क शास्त्रीय विधि प्रयोग गरी उद्देश्यको क्रमअनुसार सैद्धान्तिक खाकाको आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको व्याख्या तथा विश्लेषण

यस अध्ययनको लागि छनोट गरिएको जनसंख्याको बीचबाट प्राप्त तथ्याङ्कहरू विश्लेषणात्मक रूपमा प्रस्तुत गरिएको छ । ग्रामीण र शहरी क्षेत्रमा रहेका उ.मा.वि.को शैक्षिक अवस्था पहिचान गर्न विद्यार्थीहरूको उत्तिर्ण प्रतिशत, सिकाइ उपलब्धि तुलना गर्नु, सम्बन्धित उ.मा.वि.का शिक्षकहरूको योग्यता, शिक्षण अवस्था, पाठ्यक्रम पाठ्यपुस्तकको प्रयाप्तताको अवस्था, शैक्षिक, आर्थिक, भौतिक तथा प्रशासनिक अवस्थाको अध्ययन गरी प्राप्त गरिएको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी आवश्यकता अनुसार प्रतिशतमा बदलेर सामान्य गणितिय विधि प्रयोग गरी व्याख्या विश्लेषण गरेर निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । यस परिच्छेदमा निम्न शीर्षक तथा उपशीर्षकहरू राखी अध्ययनबाट प्राप्त तथ्याङ्कको व्याख्या तथा विश्लेषण गरिएको छ ।

**४.१ उच्च माध्यमिक विद्यालयको शैक्षिक अवस्था**

**४.२ उच्च माध्यमिक विद्यालयको शैक्षिक अवस्थालाई प्रभाव पार्ने तत्व**

**४.३ उच्च माध्यमिक विद्यालयको विद्यमान शैक्षिक समस्या**

**४.४ शैक्षिक समस्या समाधानका उपाय**

## ४.१ उच्च माध्यमिक विद्यालयको शैक्षिक अवस्था

उ.मा.वि.को शैक्षिक अवस्था अध्ययन गर्न सम्बन्धित विद्यालयका शिक्षकहरूको योग्यता, सेवा, सुविधा र तालिम, विद्यार्थीहरूको सिकाइ उपलब्धि, उत्तिर्ण प्रतिशत, पाठ्यक्रम पाठ्यपुस्तकको पहुँच, पुस्तकालय, छात्रवृत्ति, शैक्षिक सामग्री, अनुगमन निरिक्षणको प्रभावकारीता, विद्यार्थी संख्या, शैक्षिक स्थिति, शिक्षण सिकाइको अवस्था जस्ता पक्षमा तथ्याङ्क सङ्कलन गर्न वि.व्य.स.का अध्यक्ष, प्राचार्य, शिक्षक तथा विद्यार्थीलाई अन्तरवार्ता प्रश्नावली प्रयोग गरी सङ्कलित तथ्याङ्कको आधारमा गरिएको व्याख्या र विष्लेषणलाई निम्नानुसार प्रस्तुत गरिएको छ (हेर्नुस् परिशिष्ट : १-४) ।

### ४.१.१ उच्च माध्यमिक तह सञ्चालन वर्ष र  चालु रहेको सङ्काय

ग्रामीण र शहरी क्षेत्रका सामुदायिक उ.मा.वि. स्थापना शुरू भएको वर्ष, चालु सङ्कायको विवरण परिशिष्टमा प्रस्तुत गरिएको छ (हेर्नुस् परिशिष्ट : ८) ।

उक्त परिशिष्टमा भएको विवरण हेर्दा १ वटा विद्यालयमा उ.मा. तह ०४९ मा स्थापना भएदेखि उ.मा.वि.का कक्षा सञ्चालन भएको पाइयो भने ५ वटा उ.मा.वि. शै.स. ०६५ सालमा स्थापना भएको पाइयो । सबै उ.मा.वि.मा शिक्षा सङ्काय र व्यवस्थापन सङ्काय सञ्चालन भएको पाइयो ।

### ४.१.२ शिक्षक विवरण

सम्बन्धित उ.मा.वि.को उ.मा. तहमा अध्यापनरत शिक्षक संख्या, शैक्षिक योग्यता र नियुक्तीको प्रकार अध्ययन गरिएको थियो जसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३ : शिक्षक विवरण**

| क्र.सं. | क्षेत्र | विद्यालय | शिक्षक संख्या | | शैक्षिक योग्यता | | नियुक्तिको प्रकार | |
|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | महिला | स्नातकोत्तर | स्नातक | पूर्णकालीन | आंशिक |
| १ | शहरी | महेन्द्रवोधी उ.मा.वि | १२ | ४ | ११ | १ | – | १२ |
| २ | शहरी | प.प. उ.मा.वि | १५ | ३ | १३ | २ | २ | १३ |
| ३ | शहरी | जनता उ.मा.वि | ३२ | ७ | ३२ | – | ३ | २९ |
| ४ | शहरी | सेन उ.मा.वि | १८ | ३ | १८ | – | ३ | १५ |
| ५ | शहरी | मोहनकन्या उ.मा.वि | १३ | ५ | १३ | – | ३ | १० |
| जम्मा | | | ९० | २२ | ८७ (९७) | ३ (३) | ११ (१२) | ७९(८८) |
| १ | ग्रामीण | जनविकास उ.मा.वि | ११ | १ | १० | १ | २ | ९ |
| २ | ग्रामीण | जनमार्ग उ.मा.वि | ७ | – | ४ | ३ | २ | ५ |
| ३ | ग्रामीण | दरैठाँटी उ.मा.वि | ९ | – | ७ | २ | २ | ७ |
| ४ | ग्रामीण | गंगा उ.मा.वि. | ९ | १ | ७ | २ | २ | ७ |
| ५ | ग्रामीण | रामतुल्सी उ.मा.वि. | १७ | २ | १५ | २ | ३ | १४ |
| जम्मा | | | ५३ | ४ | ४३(८१) | १०(१९) | ११ (२१) | ४१(७९) |
| कुल जम्मा | | | १४३ | २४ | १३० | १३ | २२ | १२० |

कोष्ठको अंकले प्रतिशत जनाउँछ । स्रोत : स्थलगत सर्वेक्षण २०६८

तालिका ३ अनुसार शहरी क्षेत्रका ५ उ.मा.वि.मा ८७ (९७%) जना स्नातकोत्तर र ३(३%) जना स्नातक तह योग्यता भएका शिक्षक पाइयो । जसमध्ये ११ (१२%) पूर्णकालीन र ७९

(८८%) आंशिक शिक्षक पाइयो । त्यसैगरी ग्रामीण क्षेत्रमा ४३ (८१%) जना स्नातकोत्तर १० (१९%) जना स्नातक योग्यता भएका शिक्षक पाइयो । जसमध्ये ११ (२१%) पूर्णकालीन र ४१ (८७.८%) जना आंशिक शिक्षक पाइयो । समग्रमा हेर्दा शहरमा स्नातकोत्तर गर्ने ९६.६६% र ग्रामीण क्षेत्रमा ८१.१% शिक्षक भएको देखियो । त्यसैगरी शहरी क्षेत्रमा आंशिक शिक्षक ८८% र ग्रामीणमा ८९% तथा पूर्णकालीन शिक्षक शहरी क्षेत्रमा १२% र ग्रामीणमा २१% देखियो । उ.मा.शि.प.को नियम अनुसार सबै शिक्षक स्नातकोत्तर गर्नुपर्ने प्रावधान शहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रमा पूरा नभएको तर पूर्णकालीन शिक्षकको अनुपात ग्रामीण क्षेत्रमा बढी भएको पाइयो ।

यसरी शहरी क्षेत्रमा स्नातकोत्तर उर्तिण गर्ने शिक्षक ग्रामीण क्षेत्रमा भन्दा बढि भएको शिक्षकको सेवा सुविधा बढि भएको, प्रर्याप्त शैक्षिक सामाग्री र सन्दर्भ सामाग्री पाइने भएकोले शहरी क्षेत्रमा विद्यार्थी  उर्त्तिण प्रतिशत बढि भई शैक्षिक गुणस्तर राम्रो गराउन सहयोग पुगेको पाइयो ।

### ४.१.३ सबै संकायमा जम्मा विद्यार्थी भर्ना र उत्तिर्ण स्थिति

सम्बन्धित विद्यालयको प्राचार्यसँग लिएको प्रश्नावलीको उत्तरको आधारमा शहरी क्षेत्र र ग्रामीण क्षेत्रका उ.मा.वि.को २०६५ सालदेखि २०६७ सालसम्मको विद्यार्थी भर्ना र उत्तिर्ण संख्या अध्ययन गर्दा प्राप्त भएको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४ : कक्षा ११ को विद्यार्थी भर्ना, उत्तिर्ण संख्या**

| क्र. सं | क्षेत्र | २०६५ | | २०६६ | | २०६७ | |
|---|---|---|---|---|---|---|---|
| | | भर्ना | उत्तिर्ण | भर्ना | उत्तिर्ण | भर्ना | उत्तिर्ण |
| १ | शहरी क्षेत्रका उ.मा.वि. | ६२४ (६७.६०) | २६१ (४१.८२) | ६५० (६५.७८) | २१६ (३३.२३) | ७९३ (६८.८३) | २७४ (३४.५५) |
| २ | ग्रामीण क्षेत्रका उ.मा.वि. | २९९ (३२.२९) | ९२ (३०.७६) | ३३८ (३४.२१) | ११६ (२९.१३) | ३५९ (३१.१८) | १०३ (२८.६९) |
| | जम्मा | ९२३ (१००) | ३५३ (३८.२४) | ९८८ (१००) | ३३२ (३३.६०) | ११५२ (१००) | ३७७ (३२.७२) |

कोष्ठको अंकले प्रतिशत जनाउँछ ।　　　　स्रोत : स्थलगत सर्वेक्षण २०६८

तालिका ४ अध्ययन गर्दा २०६५ सालमा कक्षा ११ मा भर्ना भएका विद्यार्थी मध्ये शहरी क्षेत्रमा ६७.६०% र ग्रामीण क्षेत्रमा जम्मा ३२.२८% विद्यार्थी भएको पाइयो । त्यसमध्ये शहरी क्षेत्रको उत्तिर्ण प्रतिशत ४१.८२% र ग्रामीण क्षेत्रको उत्तिर्ण प्रतिशत ३०.७६% भएको पाइयो । त्यसैगरी २०६६ सालमा शहरी क्षेत्रमा भर्ना भएका ६५.७८% विद्यार्थी मध्ये ३३.२३% उत्तिर्ण भएको पाइयो भने ग्रामीण क्षेत्रमा भर्ना भएका ३४.२१% विद्यार्थी मध्ये २९.१३% विद्यार्थी उत्तिर्ण भएको पाइयो । २०६७ सालमा शहरी क्षेत्रमा भर्ना भएका ६८.८३% विद्यार्थी मध्ये ३४.५५% विद्यार्थी उत्तिर्ण भएको पाइयो भने ग्रामीण क्षेत्रमा भर्ना भएको ३१.१८% विद्यार्थी मध्ये २८.६९% विद्यार्थी उत्तिर्ण भएको पाइयो । २०६७ मा कक्षा ११ मा ग्रामीण क्षेत्रमा भन्दा शहरी क्षेत्रमा भर्ना ३७.६५ % ले र उत्तिर्ण ५.८६ % ले बढी भएको पाइयो ।

यसरी कक्षा ११ मा विद्यार्थी भर्ना र उत्तिर्ण प्रतिशत ग्रामीण क्षेत्रमा भन्दा शहरी क्षेत्रमा बढी भएको पाइयो । यसो हुनुमा शहरी क्षेत्रमा योग्य, विषयगत शिक्षक बढी भएको, एस.एल.सी. उत्तिर्ण विद्यार्थीको संख्या पनि बढी भएको, ज्ञानको विस्तारको लागि बढी सुविधा प्राप्त भएको कारण प्रमुख मान्न सकिन्छ ।

**तालिका ५ : कक्षा १२ को विद्यार्थी भर्ना, उत्तिर्ण विद्यार्थी**

| क्र.सं. | विद्यालय | भर्ना | उत्तिर्ण | कैफियत |
|---|---|---|---|---|
| १ | शहरी क्षेत्रका उ.मा.वि. | ५२८ (६२.८६) | २५८ (४८.८६) | |
| २ | ग्रामीण क्षेत्रका उ.मा.वि. | ३१२ (३७.१४) | १११ (३५.५७) | |
| | जम्मा | ८४० (१००) | ३६९ (४३.९२) | |

कोष्ठको अंकले प्रतिशत जनाउँछ । स्रोत : स्थलगत सर्वेक्षण २०६८

तालिका ५ अध्ययन गर्दा २०६७ सालमा कक्षा १२ मा शहरी क्षेत्रमा ६२.८६% र ग्रामीण क्षेत्रमा ३७.१४% विद्यार्थी भर्ना भएकोमा शहरी क्षेत्रमा ४८.८६% र ग्रामीण क्षेत्रमा ३५.५७% विद्यार्थी मात्र उत्तिर्ण भएको पाइयो । यसरी २०६७ सालमा कक्षा १२ मा पनि ग्रामीण क्षेत्रमा भन्दा शहरी क्षेत्रमा विद्यार्थीको भर्ना चाप २५.७२ % बढी भएको र उत्तिर्ण १३.२९% ले बढी रहेको पाइयो ।

कक्षा १२ मा पनि ग्रामीण क्षेत्रमा भन्दा शहरी क्षेत्रमा बढी विद्यार्थी भर्ना भएको र उत्तिर्ण पनि बढी भएको पाइयो किनकि शहरी क्षेत्रमा शिक्षण सिकाइ प्रभावकारी भएको तथा कक्षा छाड्ने दर पनि कम भएको मुख्य कारण मानिन्छ ।

### ४.१.४ शिक्षाशास्त्र सङ्कायमा विद्यार्थी भर्ना र उत्तिर्ण प्रतिशत

अध्ययन क्षेत्रमा रहेका विद्यालयका प्राचार्यसँग लिएको प्रश्नावलीको उत्तरको आधारमा निम्न उ.मा.वि.को शिक्षाशास्त्र सङ्काय तर्फका विद्यार्थीहरूको शैक्षिकसत्र २०६६ र २०६७ सालमा भएको भर्ना, उत्तिर्ण संख्या र प्रतिशत निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ६ : शिक्षाशास्त्र सङ्काय कक्षा ११ मा भर्ना र उत्तिर्ण विद्यार्थी**

| क्र.सं. | क्षेत्र | उ.मा.वि. | ०६६ | | | ०६७ | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | भर्ना | उत्तिर्ण | उत्तिर्ण प्रतिशत | भर्ना | उत्तिर्ण | उत्तिर्ण प्रतिशत |
| १ | शहरी | महेन्द्रवोधी | ३५ | २४ | ६८.५७ | ६४ | २१ | ३२.८ |
| २ | शहरी | प.प. | ७३ | १७ | २३.२८ | ३६ | ७ | १९.४४ |
| ३ | शहरी | जनता | १२७ | ८३ | ६५.३५ | २०५ | ९० | ४३.९ |
| ४ | शहरी | सेन | ४९ | १० | २०.४ | ५५ | १४ | २५.४५ |
| ५ | शहरी | मोहनकन्या | ६८ | ६ | ८.८ | ७३ | १६ | २१.९ |
| ६ | ग्रामीण | जनविकास | १०४ | २४ | २३.० | ९० | १३ | १४.४४ |
| ७ | ग्रामीण | जनमार्ग | ३३ | १० | ३०.३ | ३१ | ३ | ९.६ |
| ८ | ग्रामीण | दरैठाँटी | ३२ | १३ | ४०.६० | ३१ | १५ | ४८.३ |
| ९ | ग्रामीण | गंगा | १५ | ५ | ३३.३ | २० | ९ | ४५.०० |
| १० | ग्रामीण | रामतुलसी | ६७ | २२ | ३२.८ | ५७ | २९ | ५०.८७ |
| शहरी क्षेत्रमा औसत | | | ७०.४ | २८ | ३७.२८ | ८०.६ | २९.६ | २८.६९ |
| ग्रामीण क्षेत्रमा औसत | | | ५०.२ | १२.८ | ३२.०० | ६५.९६ | १३.८ | ३३.६५ |

स्रोत : विद्यालय सर्वेक्षण, २०६८

तालिका ६ को आधारमा विश्लेषण गर्दा कक्षा ११ मा शैक्षिकसत्र ०६६ सालमा भन्दा ०६७ सालमा दुवै क्षेत्रका विद्यालयमा विद्यार्थी भर्नाको चाप बढ्दो रूपमा देखियो भने शैक्षिक सत्र ०६६ सालमा ग्रामीण क्षेत्रमा भन्दा शहरी क्षेत्रमा विद्यार्थी उत्तिर्ण प्रतिशत ५.२८% ले बढी भएको पाइयो भने ०६७ सालमा शहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रमा विद्यार्थी उत्तिर्ण प्रतिशत ४.९६% ले बढी भएको पाइयो । विद्यार्थी भर्नादर बढ्नुमा २०६७ को एस.एल.सी. परीक्षामा धेरै प्रतिशत विद्यार्थी उर्त्तिण भएको तथा स्थानीय रूपमानै विद्यार्थीले उच्च माध्यामिक तह अध्ययन गर्ने अवसर प्राप्त गरेको प्रमुख कारण मानिन्छ । तर उर्त्तिण प्रतिशत भने दुवै क्षेत्रका उ.मा.वि.मा त्यति राम्रो नभएकोले सुधार गर्नुपर्ने देखिन्छ ।

शिक्षाशास्त्र सङ्काय कक्षा ११ तर्फ भने भर्नादर शहरी क्षेत्रमा बढी भए तापनि उत्तिर्ण प्रतिशत भने २०६६ सालमा शहरी क्षेत्रमा बढी भएको र ०६७ सालमा ग्रामीण क्षेत्र बढी भएको पाइयो । यसको मूल कारण ०६७ सालको व्याचका विद्यार्थी बौद्धिक क्षमता बढी भएको तथा परीक्षा प्रणाली फितलो भएको दुबै कारण मान्न सकिन्छ ।

**तालिका ७ : शिक्षाशास्त्र सङ्काय कक्षा १२ को भर्ना र उत्तिर्ण विद्यार्थी**

| क्र.सं. | क्षेत्र | उ.मा.वि. | ०६६ | | | ०६७ | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | भर्ना | उत्तिर्ण | उत्तिर्ण प्रतिशत | भर्ना | उत्तिर्ण | उत्तिर्ण प्रतिशत |
| १ | शहरी | महेन्द्रवोधी | ९ | ३ | ३३.३३ | ३२ | १२ | ३२.४ |
| २ | शहरी | प.प. | ७५ | १४ | १८.६६ | ३१ | २० | ६४.५१ |
| ३ | शहरी | जनता | १३० | ५० | ३८.४६ | १२७ | ६० | ४७.२४ |
| ४ | शहरी | सेन | ४८ | १४ | २९.०६ | ४७ | २१ | ४४.६८ |
| ५ | शहरी | मोहनकन्या | ५४ | ३१ | ५७.४ | ६७ | ३० | ४४.७७ |
| ६ | ग्रामीण | जनविकास | १०० | २६ | २६ | ९८ | १४ | १४.२९ |
| ७ | ग्रामीण | जनमार्ग | – | – | – | २९ | ८ | २७.५९ |
| ८ | ग्रामीण | दरैठाँटी | ३१ | १५ | ४८.३८ | ३३ | २२ | ६६.६६ |
| ९ | ग्रामीण | गंगा | १६ | ७ | ४३.७५ | १५ | ५ | ३३.३३ |
| १० | ग्रामीण | रामतुलसी | ६७ | २२ | ३२.८३ | ५७ | २१ | ३६.८४ |
| शहरी क्षेत्रमा औसत | | | ६३.२ | २२.४ | ३५.२५ | ६०.८ | २८.६ | ४६.७२ |
| ग्रामीण क्षेत्रमा औसत | | | ५३.५ | १७.५ | ३७.७४ | ४६.४ | १४ | ३५.७५ |

स्रोत : विद्यालय सर्वेक्षण, २०६८

तालिका ७ को आधारमा विश्लेषण गर्दा कक्षा १२ मा दुवै क्षेत्रका उ.मा.वि.मा शैक्षिकसत्र ०६६ सालमा भन्दा ०६७ सालमा विद्यार्थीहरूको भर्नाको चाप घटेको पाइयो भने विद्यार्थी उत्तिर्ण नतिजा हेर्दा शैक्षिकसत्र ०६६ मा शहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रमा २.४९% ले बढी विद्यार्थी उत्तिर्ण भएको पाइयो । शै.स. ०६७ मा ग्रामीण क्षेत्रमा भन्दा शहरी क्षेत्रमा १०.९७% ले बढी विद्यार्थी उत्तिर्ण भएको पाइयो ।

विद्यार्थीको उत्तिर्ण प्रतिशतको नतिजा हेर्दा नतिजा मिश्रित देखिएको छ । यसमा पनि विद्यार्थीको व्यक्तिगत बौद्धिक क्षमताको प्रभाव र फितलो परीक्षा प्रणालीलाई प्रमुख कारक मानिन्छ ।

### ४.१.५ शिक्षाशास्त्र सङ्कायमा विद्यार्थीको सिकाइ उपलब्धि

अध्ययन क्षेत्रमा रहेका सम्बन्धित उ.मा.वि.का प्र.अ.हरूसँगबाट प्राप्त भएको विद्यार्थीको मार्कलेजरका आधारमा शिक्षाशास्त्र सङ्काय अन्तर्गत शै.स. ०६७ सालमा कक्षा १२ को परीक्षाको नतिजा अनुसार विद्यार्थीले निम्न विषयमा प्राप्त गरेको सिकाइ उपलब्धिलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ८ : कक्षा १२ को सिकाइ उपलब्धि**

| क्र.सं. | क्षेत्र | विद्यालय | अ. अंग्रेजी | बालविकास | शैक्षणिक मुल्याङ्कन | अभ्यास शिक्षण | नेपाली | ऐ. अंग्रेजी |
|---|---|---|---|---|---|---|---|---|
| १ | शहरी | महेन्द्रवोधी | २९.०३ | ४२.३४ | ५८.०० | ८९.२४ | ३८ | ३१.७५ |
| २ | शहरी | प.प. | २९.१ | ४२.६९ | ४३.०१ | ९२.८१ | ३९.०७ | २९.३३ |
| ३ | शहरी | जनता | ३६.०७ | ४६.१९ | ४३.५२ | ९४.० | ४९.०७ | २४.३८ |
| ४ | शहरी | सेन | २९.२३ | ४२.७० | ४४.१२ | ९७.१९ | ४२.३२ | ४३.१५ |
| ५ | शहरी | मोहनकन्या | ३१.२२ | ४२.१८ | ३८.५४ | ९६.२६ | ३५.५ | ३५.५ |
| ६ | ग्रामीण | जनविकास | २३.२७ | ४८.६९ | ३३.६८ | ९०.०० | ४२.७६ | २३.१४ |
| ७ | ग्रामीण | जनमार्ग | २७.४१ | ५३.१७ | ३५.६५ | ८३.०२ | ४०.८९ | २८.२२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | ग्रामीण ा | दरैठाँटी | ३५.१४ | ५१.६९ | ५९.३७ | ८७.२ | ४३.८८ | २५.४ |
| ९ | ग्रामीण ा | गंगा | ४१.०९ | ५१.७ | ५५.०८ | ९५.३२ | ५६.६६ | ४२ |
| १० | ग्रामीण ा | रामतुलसी | ३१.८९ | ५१.२८ | ५३.४७ | ८६.७ | ४०.५ | २९.७८ |
| शहरी क्षेत्रको औसत | | | ३०.९३ | ४३.२३ | ४५.५९ | ९३.९ | ४१.० | ३३.६ |
| ग्रामीण क्षेत्रको औसत | | | ३१.७६ | ५१.२९ | ५१.२९ | ८८.४४ | ४२.९३ | २९.७ |

स्रोत : विद्यालय सर्वेक्षण, २०६८

तालिका ८ लाई हेर्दा ग्रामीण क्षेत्रमा रहेका विद्यार्थीहरूको सिकाइ उपलब्धि अनिवार्य अंग्रेजीमा ०.८३% ले, बालविकासमा ८.०६% ले, शैक्षणिक मूल्याङ्कनमा ५.७% ले, ऐ. अंग्रेजीमा १.९३% ले शहरी क्षेत्रमा भन्दा बढी देखियो भने शहरी क्षेत्रमा रहेका विद्यार्थीहरूको सिकाइ उपलब्धि अभ्यास शिक्षाणमा ५.४६% ले र ऐ. अंग्रेजीमा ३.९% ले ग्रामीण क्षेत्रमा भन्दा बढी देखियो । यसबाट के पुष्टि हुन्छ भने ग्रामीण क्षेत्र रामपुर स्रोतकेन्द्रका उ.मा.वि.मा शौक्षिक व्यवस्थापनको नेतृत्व, सिकाइ प्रक्रिया, उत्प्रेरणा जगाउने कार्य नगर क्षेत्रमा जस्तै प्रभावकारी देखियो । तर समग्रमा हेर्दा अभ्यास शिक्षणमा बाहेक अन्य विषयको सिकाइ उपलब्धि प्रायः ५०% भन्दा कम हुनुले यसलाई त्यति सन्तोषजनक नतिजा मान्न सकिदैन ।

### ४.१.६ पाठ्क्रम र पाठ्यपुस्तक

अनुसन्धानको क्रममा पाठ्यक्रम पाठ्यपुस्तकमा समावेश भएका उद्देश्य, विषयवस्तुको प्रभावकारिता, शिक्षक निर्देशिकाको उपलब्धता, गुणस्तर र मूल्य सम्बन्धमा शिक्षक र विद्यार्थीहरूसँग लिइएको अर्न्तवार्ता प्रश्नावलीको आधारमा प्राप्त प्रतिक्रियालाई निम्न अनुसार व्याख्या गरिएको छ ।

उत्तरदाताका अनुसार पाठ्यक्रम निर्माणमा सरोकारवालाहरूको प्रत्यक्ष संलग्नता कम हुने भएकोले पाठ्यक्रम कम प्रभावकारी भएको, यसका विषयवस्तु मध्यम भएको भन्नेमा १००% शिक्षक विद्यार्थीहरू सहमत हुनुभएको पाइयो । यसले उच्च शिक्षाको लागि आधार

प्रदान गर्छ भन्नेमा ७५% शिक्षक र ७०% विद्यार्थीको सहमती भएको पाइयो । त्यसैगरी मध्यम स्तरीय जनशक्ति तयार गर्नमा सहयोगी हुन्छ भन्नेमा ६०% शिक्षक र ७५% विद्यार्थी सहमत भएको पाइयो । शिक्षक निर्देशिकाको उपलब्धता सम्बन्धमा ७५% शिक्षकले उपलब्ध नभएको भन्ने प्रतिक्रिया दिए भने पुस्तकालयमा पाठ्यपुस्तक कमी भएको कुरामा ८५% विद्यार्थीले प्रतिक्रिया दिएका थिए । पाठ्यपुस्तकको उपलब्धता शहरी क्षेत्रमा १००% र ग्रामीण क्षेत्रमा ८०% विद्यालयमा भएको पाइयो ।

### ४.१.७ पुस्तकालय

अनुसन्धानको क्रममा सबै विद्यालयमा पुस्तकालयको सुविधा भएको पाइयो । पुस्तकालयबाट पाठ्यपुस्तक मात्र उपलब्ध गराउन सकिने तर अन्य सन्दर्भ सामग्रीको अभाव भएको पाइयो । पुस्तकालयमा बसेर अध्ययन गर्ने सुविधा सतप्रतिशत विद्यालयमा नभएको पाइयो ।

### ४.१.८ शैक्षिक सामग्री

उ.मा.वि.मा शैक्षिक सामग्रीको प्रयोग आवश्यक भएको कुरामा ८०% प्राचार्य, ९०% शिक्षक र ८०% विद्यार्थी सहमत भएको पाइयो भने विद्यालयमा शैक्षिक सामग्रीको अपर्याप्तता र यसको प्रयोग कम भएको कुरामा ७०% प्राचार्य, ८०% शिक्षक र ८५% विद्यार्थीको सहमति भएको पाइयो । यसरी हेर्दा धेरै विद्यालयमा शिक्षण सिकाइ प्रभावकारी बनाउन शैक्षिक सामग्रीलाई आवश्यकता अनुसार प्रयोग नगरेकोले सिकाइ उपलब्धि प्राप्तिमा कमी भएको देखियो ।

### ४.१.९ शिक्षक तालिम

अध्ययनको छनोटमा परेका शहरी र ग्रामीण क्षेत्रमा अवस्थित सबै उ.मा.वि.का प्राचार्यहरूको प्रतिक्रिया अनुसार उ.मा.वि. शिक्षकहरूलाई छुट्टै तालिमको व्यवस्था नभएको पाइयो । शहरी क्षेत्रमा शिक्षाशास्त्र सङ्काय लिएर स्नातकोत्तर उत्तिर्ण गर्ने शिक्षक संख्या ३०

(३३%) र ग्रामीण क्षेत्रमा १८ (२५%) रहेको पाइयो । उ.मा.वि.मा तालिम प्राप्त शिक्षकको कमी भएकोले विद्यार्थीको सिकाई उपलब्धि र उर्त्तिण प्रतिशत दुवै क्षेत्रमा कम भएको पाइयो ।

### ४.१.१० शिक्षण विधि

ग्रामीण र शहरी क्षेत्रका सतप्रतिशत विद्यालयमा व्याख्यान विधिको प्रयोग गरिएको र आवश्यकता अनुसार केही रूपमा छलफल, समस्या समाधान विधि, प्रश्नोत्तर विधि पनि प्रयोग गरिएको पाइयो । विद्यालयमा विद्यार्थी संख्या धेरै भएको कारणले, शैक्षिक सामग्रीको प्रयोग नहुनाले, तालिम प्राप्त शिक्षकहरूको कमी हुनाले, पाठ्यक्रमका विषयवस्तुहरू व्यवहारिक नहुनु तथा शिक्षणमा व्याख्यान विधिको प्रयोग बढी भएकोले सिकाइ उपलब्धि दुवै क्षेत्रका उ.मा.वि.मा कमी भएको पाइयो ।

### ४.१.११ सुपरिवेक्षणको अभाव

छनोटमा परेका उ.मा.वि.का ८०% प्राचार्य र शिक्षकको प्रतिक्रिया अनुसार उ.मा.शि.प., जि.शि.का. लगायतका कुनै पनि निकायहरूबाट उ.मा.वि.को नियमित अनुगमन र सुपरिवेक्षण नभएको विचार व्यक्त गरेका थिए । जसले गर्दा विद्यालयका कमी कमजोरी, समस्याहरू पहिचान गरी सुधार गर्न र सम्बन्धित निकायहरूसँग समन्वय हुन नसकेको धारणा सतप्रतिशत प्राचार्यहरूको पाइयो । साथै शिक्षकहरूको कक्षा शिक्षण निरीक्षण नहुँदा शिक्षण सिकाइमा सुधार गर्नु पर्ने कुरामा कठिनाई भएको पाइयो । दुवै क्षेत्रका उ.मा.वि.मा अनुगमन तथा निरीक्षण सम्बन्धी कार्य प्रभावकारी नभएको पाइयो ।

उच्च माध्यमिक विद्यालयहरूका शैक्षिक अवस्था सुधार गर्न शिक्षकलाई शिक्षण प्रति बढी उत्तरदायित्व बोध गराउने, उत्प्रेरित गराउने र उनिहरूमा भएको असन्तुष्टि हटाई सन्तुष्टि प्रदान गर्न सकिएमा शिक्षण सिकाइ प्रभावकारी हुने थियो । फ्रेडरिक हजवर्गको उत्प्रेरणाको आरोग्य सिद्धान्त अनुसार शिक्षकहरूको शिक्षणकार्यको नियमित सुपरिवेक्षण तथा विद्यालयको हर क्रियाकलापको अनुगमन प्रभावकारी भएमा, सहकर्मी वीचको समन्वय राम्रो गराई कार्य गर्ने वातावरण भएमा शिक्षकको कार्यकुशलता वृद्धि गराएर उनीहरूलाई वेला-

वेलामा पुनर्ताजगी तालिमहरू उपलब्ध गराएमा र नयाँ नयाँ शिक्षण विधी, आधुनिक शैक्षिक प्रविधिका तालिम दिएमा शिक्षकहरूमा उत्प्रेरणा तथा जाँगर पैदा हुन्छ । त्यसैले हजवर्गको आरोग्य सिद्धान्त अनुसार हेर्दा सामुदायिक उ.मा.वि.को नतिजा राम्रो नहुनुमा शिक्षक तथा प्रशासन सबैमा उत्तरदायित्वको कमी भएको, निरीक्षण कार्य प्रभावकारी नभएको, नीति नियम प्रष्ट नभएको तलब तथा अन्य सेवा सुविधा कम भएको, सेवाको ग्यारेन्टी नभएको जस्ता आरोग्य तत्वहरूको भूमिका देखिन्छ। शिक्षकहरूमा असन्तुष्टि बढ्दै जाँदा शिक्षण प्रभावकारी हुन नसकेकोले सामुदायिक उ.मा.वि.को नतिजा तथा सिकाइ उपलब्धि सन्तोषजनक नभएको पाइयो । जवसम्म शिक्षक स्वयं उत्प्रेरित हुँदैन तवसम्म शिक्षण सिकाइ प्रभावकारी हुँदैन । त्यसैले शिक्षकलाई अन्तस्करणबाट शिक्षण गर्ने इच्छा शक्ति वृद्धि गराउन हर्जवर्गका निम्न अनुसारका उत्प्रेरित तत्वहरू प्रयोगमा ल्याउनुपर्छ । जस्तै शिक्षकको मनोवल तथा शिक्षणकलाहरू बढाउने तालिमहरू प्रदान गर्ने, व्यवक्तिगत वृत्तिविकास, सेवा सुविधाको ग्यारेन्टी गर्ने गर्नु पर्छ, शिक्षकको कक्षा शिक्षणको निरीक्षण गरी आवश्यक पृष्ठपोषण दिईरहनुपर्छ ।

## ४.२. उच्च माध्यमिक तहको शैक्षिक अवस्थामा प्रभाव पार्ने तत्व

यस अध्ययनका लागि उच्च माध्यामिक तहको शैक्षिक अवस्थालाई प्रभाव पार्ने तत्व पहिचान गर्न वि.व्य.स. अध्यक्ष, प्राचार्य, शिक्षक तथा विद्यार्थीको लागि प्रयोग गरिएको तथ्याङ्क सङ्कलनका साधन र अर्न्तवार्ता प्रश्नावलीको माध्यमबाट प्राप्त प्रतिकृयाका आधारमा उ.मा.वि.को शैक्षिक अवस्थालाई विद्यालयको आर्थिक, भौतिक, प्रशासनिक, सामाजिक, भौगोलिक, वातावरणिय तत्वहरू र पाठ्यक्रम सम्बन्धी तत्वले प्रभाव पारेको पाइयो । उक्त प्रभावलाई निम्न अनुसार उल्लेख गरिएको छ (हेर्नुस् परिशिष्ट : १०) ।

### क) आर्थिक तत्व

उच्च माध्यमिक तहको कक्षा ११ र १२ का ग्रामीण र शहरी क्षेत्रका सामुदायिक उ.मा.वि. हरूको अध्ययन गर्दा समाजमा रहेको गरिवीको कारण विद्यार्थीको भर्ना कम हुने, विद्यार्थीलाई आवश्यक पाठ्यपुस्तक, कापी, कलम, पोशाक, खाजा खर्च जुटाउन गाह्रो हुने,

विद्यालयलाई बुझाउनु पर्ने सम्पूर्ण शुल्क बुझाउन नसक्ने जस्ता कारणले विद्यार्थीमा मानसिक असर परी उत्तिर्ण प्रतिशत कम भएको, बीचैमा कक्षा छाडेको भनी ८०% वि.व्य.स.अध्यक्ष, प्राचार्य, शिक्षकले धारणा राखेको पाइयो । त्यसैगरी विद्यालयमा शिक्षक, कर्मचारी तलब भत्ता, भौतिक व्यवस्थापन तथा मसलन्दमा हुने विविध खर्च धान्न उच्च माध्यमिक शिक्षा परिषद्ले दिएको २ वटा शिक्षक बराबरको अनुदान नपुग्ने, विद्यालयको अन्य आम्दानीले उक्त खर्च धान्न नसकिने भएकोले विद्यालयहरू घाटामा गइरहेका छन् । जसले गर्दा शिक्षक कर्मचारीलाई योग्यता अनुसारको तलब, भत्ता दिन नसकिएको, विद्यार्थीलाई पनि उचित छात्रवृत्ति, पर्याप्त पाठ्यपुस्तकको व्यवस्था गर्न नसकिएको कुरामा सतप्रतिशत वि.व्य.स. अध्यक्ष, प्राचार्य तथा शिक्षक सहमत भएको पाइयो ।

उ.मा.वि. मा सरकारी तवरबाट विषयगत शिक्षक दरबन्दीको व्यवस्था नगरिएकाले योग्य, दक्ष विषयगत शिक्षक पाउन गाह्रो भएको र छनोट गरिएका शिक्षकको तलब, भत्तामा धेरै रकम खर्च गर्नुपर्दा रकम अभावले गर्दा शैक्षिक गुणस्तर बढाउने अन्य प्रभावकारी कार्यक्रम ल्याउन नसकिएको कुरामा सतप्रतिशत वि.व्य.स. अध्यक्ष, प्राचार्य तथा शिक्षक सहमत रहेको पाइयो ।

हजवर्गको उत्प्रेरणाको आरोग्य सिद्धान्त अनुसार पनि शिक्षकहरूको मनोवल बढाइ राम्रो शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्न उनीहलाई उचित तलव, सेवा, सुविधा दिइनुपर्छ, जागिरको स्थायीत्व हुनुपर्छ र यसको लागि उ.मा.वि.को आर्थिक अवस्था राम्रो हुनुपर्छ । उ.मा.वि.को आर्थिक अवस्था मजवुद बनाउन सरकारी अनुदान बढाइनु पर्छ ।

**ख) भौतिक तत्व**

यस अध्ययनको छनोटमा रहेका १० वटा सामुदायिक उ.मा.वि. को शैक्षिक अवस्थालाई कुन-कुन भौतिक तत्वहरूले प्रभाव पारेको छ भनी वि.व्य.स. अध्यक्ष, प्राचार्य, शिक्षक तथा विद्यार्थीसँग राखिएको प्रश्नमा शतप्रतिशत व्यक्तिबाट विद्यालयको आफ्नै पक्की सुरक्षित भवन हुनुपर्ने, व्यवस्थित गेट सहित कम्पाउण्ड हुनुपर्ने, पर्याप्त कक्षाकोठा, उपयुक्त फर्निचरको व्यवस्था, स्वच्छ खानेपानीको व्यवस्था, छात्र र छात्राको लागि छुट्टाछुट्टै शौचालय

हुनुपर्ने, आफ्नै खेलमैदान, पर्याप्त पुस्तक सहितको पुस्तकालय हुनुपर्ने धारणा राखेको पाइयो । त्यसैगरी विद्यालयले पर्याप्त रूपमा विषयगत शैक्षिक सामग्री, आधुनिक प्रविधियुक्त शिक्षण सामग्री, उपयुक्त विज्ञान प्रयोगशालाको व्यवस्था गर्न नसकेकोले शिक्षण सिकाइ प्रभावकारी बनाई विद्यार्थीलाई क्रियाशील बनाउन सिर्जनात्मक क्षमता विकास गराउन गाह्रो हुँदा परीक्षामा धेरै विद्यार्थी अनुत्तीर्ण हुने गरेको कुरामा शतप्रतिशत व्यक्ति सहमत हुनुभयो ।

**ग) प्रशासनिक तत्व**

अध्ययन क्षेत्रका १० वटै सामुदायिक उ.मा.वि. को शैक्षिक अवस्थालाई कुन-कुन प्रशासनिक तत्वहरूले प्रभाव पारेको छ भने वि.व्य.स. अध्यक्ष, प्राचार्य, शिक्षकसँग सोधिएका प्रश्नको उत्तरका आधारमा सतप्रतिशत व्यक्तिबाट विद्यालयका वि.व्य.स., प्राचार्य, शिक्षक, कर्मचारी छनोटमा राजनैतिक हस्तक्षेप हुने गरेको, प्राचार्यको योग्यता उ.मा.शि.प. ले तोकेको शर्तअनुसार पूरा नभएको, उच्च माध्यमिक तहको छुट्टै प्रशासनिक व्यवस्था नभएको, अनुगमन र मूल्याङ्कन प्रभावकारी बनाउन प्रशासन सक्षम नभएको कारण विद्यार्थीको शैक्षिक उपलब्धि कमजोर भएको कुरामा सहमत भएको पाइयो ।

शिक्षा नीतिमा फेरबदल भइरहने, देशमा बन्द, हडतालको शृङ्खला बढ्दै गई विद्यालय द्वन्द्वको क्षेत्र भई अशान्त बनीरहँदा विद्यालय प्रशासन सञ्चालन गर्न गाह्रो भएको साथै प्रशासनको उचित मूल्याङ्कन गरी पुरस्कार र दण्डको व्यवस्था नभएकोले पनि विद्यालय प्रशासन फितलो भई शैक्षिक गुणस्तर खस्कँदै गएको कुरामा सतप्रतिशत उत्तरदाता सहमत भएको पाइयो ।

**घ) सामाजिक तत्व**

अध्ययन क्षेत्रमा रहेका सामुदायिक उ.मा.वि. को शैक्षिक अवस्थालाई कुन-कुन सामाजिक तत्वहरूले प्रभाव पार्छ भनी वि.व्य.स. अध्यक्ष, प्राचार्य, शिक्षक, विद्यार्थीसँग सोधिएको प्रश्नको आधारमा सतप्रतिशत व्यक्तिबाट विद्यालयको सेवाक्षेत्रभित्रको समाजमा बसोवास

गर्ने मानिसहरूको रितिस्थिति, धर्म, संस्कार, मूल्य, मान्यता, शैक्षिक चेतनास्तर, स्थानीय चाडपर्व लगायत विविध गतिविधिले विद्यालयको पठनपाठनमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रभाव पारेको प्रतिक्रिया दिएको पाइयो । ग्रामीण क्षेत्रका उ.मा.वि. मा दलित, आदिवासी जनजाति, पिछडिएका वर्ग, अन्य जातिका कमजोर वर्गका छोराछोरी अध्ययन गर्ने भएकोले उनीहरूमा छिटो विवाह गर्ने, रोजगारका लागि कामको खोजी गर्ने, विद्यालयमा विद्यार्थी पठाउन अभिभावकको चासो कम हुने कारण धेरै विद्यार्थी बीचैमा कक्षा छाड्ने र उत्तीर्ण नहुने कुरामा सतप्रतिशत उत्तरदाता सहमत भएको पाइयो ।
त्यस्तै गरी शहरी क्षेत्रमा पनि विविध जातजाति, भाषाभाषी, धर्म, संस्कार मान्ने परिवेशका मानिसका छोराछोरी उ.मा.वि. मा अध्ययन गर्ने भएकोले विविध क्षमता भएका र फरक-फरक परिवेशबाट आएका विद्यार्थीको भावना अनुसार शिक्षण प्रक्रिया सञ्चालन गर्न नसकिएकोले विद्यार्थीको अन्तर्निहित प्रतिभा प्रस्फुटन नहुँदा शैक्षिक गुणस्तर प्रभावकारी नभएको कुरामा सतप्रतिशत व्यक्तिको धारणा रहेको पाइयो ।

**ङ) भौगोलिक तत्व**

नेपालका धेरै उ.मा.वि. भौगोलिक हिसाबले दुर्गम स्थानमा सञ्चालित छन् । त्यस्ता उ.मा.विहरूमा विद्यार्थीहरू लामो दुरी हिडेर विद्यालयमा आउनुपर्छ । त्यस्तै गरी विद्यालयमा आर्थिक, भौतिक सरसहयोग जुटाउन पनि गाह्रो हुन्छ । पाल्पा जिल्लाको शहरी क्षेत्र तानसेन नगरपालिका सुगम स्थानमा रहेको छ । यहाँ सञ्चालित उ.मा.वि.मा विद्यार्थीको चाप बढी नै देखिन्छ । ग्रामीण क्षेत्रमा भन्दा शहरी क्षेत्रमा योग्यदक्ष शिक्षक प्राप्त गर्ने, पाठ्यक्रम र पाठ्यपुस्तकको उपलब्धता बढी हुने पाइयो तर ग्रामीण क्षेत्रमा भौगोलिक विकटता, गरीबी, आर्थिक अभाव, चेतनाको कमी, शिक्षकहरूको स्थायित्व नहुनु, योग्य शिक्षकको कमी आदि कारणले विद्यार्थी भर्ना पनि कम रहेका अवस्था पाइयो । भौगोलिक रूपमा सदरमुकाम उ.मा.शि.प.को केन्द्रबाट टाढा भएको कारण पाठ्यपुस्तक, पाठ्यक्रम समयमा उपलब्ध नहुनु, सेवाशर्त सुविधा पर्याप्त दिन नसक्नु, आधुनिक प्रविधिका ज्ञान समयमानै प्रसारण नहुनु आदि कारणले शैक्षिक उपलब्धि न्यून हुन गएको कुरामा ९०% प्र.अ., शिक्षक, वि.व्य.स.का अध्यक्ष सहमत हुनु भएको पाइयो ।

**च) वातावरणीय तत्व**

उ.मा..वि.को शैक्षिक अवस्थालाई त्यस विद्यालय वरीपरीको वातावरणले पनि प्रभाव पार्छ विद्यालयको व्यवस्थित कम्पाउण्ड भएमा विद्यालय हाता भित्र र कक्षा कोठामा राम्रो सरसफाई भएमा, स्वच्छ वातावरण भएमा र कोलाहल कम भएमा विद्यार्थीको पढाइप्रति एकाग्रता भई सिकाई बढने कुरामा शतप्रतिशत प्राचार्य सहमत भएको पाइयो । विद्यालयलाई राजनीति, बन्द, हडतालबाट मुक्त गराई शान्ति क्षेत्रको रूपमा सबैले लिन सकेमा विद्यालयको वातावाण स्वच्छ भई पठन पाठन राम्रो भएर शैक्षिक गुणस्तर बढ्ने कुरामा सतप्रतिशत वि.व्य.स. अध्यक्ष, प्राचार्य, शिक्षक र विद्यार्थीको धारणा रहेको पाइयो ।

**(छ) पाठ्यक्रम सम्बन्धी तत्व**

अध्ययन क्षेत्रमा रहेका उ.मा.वि. को शैक्षिक अवस्था अध्ययन गर्न प्राचार्य र शिक्षकसँग सोधिएको प्रश्न अनुसार सतप्रतिशत उत्तरदाताबाट उच्च माध्यमिक तहको पाठ्यक्रमले ग्रामीण र शहरी क्षेत्रका समाजमा रहेका हरेक व्यक्तिको सामाजिक आवश्यकता, व्यक्तिको क्षमता, रुचि अनुसारको उद्देश्य, विषयवस्तु, सिकाइ योजना दिनुपर्छ तर हालको पाठ्यक्रम बढी सैद्धान्तिक भएकोले रोजगार दिने खालको व्यवहारिक, सीपमूलक पाठ्यक्रम निर्माण गर्नुपर्छ भन्ने राय व्यक्त गरेको पाइयो ।

यसरी समग्र रूपमा इल्टन मायोको शैक्षिक व्यवस्थापनको मानवसम्बन्ध सिद्धान्तबाट व्याख्या गर्दा उ.मा.वि.को शैक्षिक व्यवस्थापनमा विद्यालयसँग सरोकारवाला मानिस-मानिसको सम्बन्धले ठुलो प्रभाव पार्छ । विद्यालयमा काम गर्ने कर्मचारी, शिक्षकहरू समुदायसँग मिलेर काम गर्न रूचाउँछन् । उनीहरूको काममा आर्थिक तथा गैरआर्थिक प्रोत्साहनले उत्साही बनाउँछ । त्यसैले विद्यालय प्रशासनले सरसल्लाह दिने, मार्ग निर्देशन प्रदान गर्ने तथा अभिप्रेरणा प्रदान गर्नुपर्दछ । त्यस्तै मेरी पार्कर फोलेटका अनुसार उ.मा.वि.का सबै कर्मचारी, शिक्षक, प्राचार्यहरूबीचमा समझदारी, प्रजातान्त्रिक प्रक्रिया तथा सहभागिता मूलक प्रक्रियालाई आत्मसाथ गरी आर्थिक, मनोवैज्ञानिक, सामाजिक रूपले उनीहरूलाई उत्प्रेरित गर्नुपर्छ । जसको फलस्वरूप शिक्षण सिकाइ प्रक्रिया प्रभावकारी भई शैक्षिक गुणस्तर सुधार गर्न मद्दत पुग्छ । यसरी उच्च माध्यमिक विद्यालयहरूको शैक्षिक व्यवस्थापन तथा शिक्षण सिकाइ प्रक्रिया प्रभावकारी बनाउन मानव सम्बन्ध सिद्धान्तले प्रमुख रूपमा मार्गदर्शन गरेको पाइयो ।

## ४.३ उच्च माध्यमिक विद्यालयका विद्यमान शैक्षिक समस्या

अध्ययन क्षेत्रमा उ.मा.वि.ले भोगीरहेका विद्यमान शैक्षिक समस्याहरू सम्बन्धमा खुल्ला प्रश्नावली मार्फत प्राचार्य, शिक्षक, विद्यार्थीसँग लिइएको प्रतिक्रियाहरूलाई निम्न बुँदाको आधारमा प्रस्तुत गरिएको छ (हेर्नुस् परिशिष्ट : ११) ।

### क) नीतिगत तथा संरचनागत समस्या

उच्च माध्यमिक शिक्षा ऐन र नियमावलीमा विद्यालय कार्यक्रमको स्तर र संरचनामा स्पष्ट निकाय किटान नभएकोले नीतिगत अन्योलता सृजना भएको साथै विद्यालय शिक्षालाई प्रशासनिक पन्जाबाट मुक्त बनाई प्राज्ञिक वर्गको नेतृत्वमा पुऱ्याउनु अर्को समस्या भएको तथा विद्यालय शिक्षालाई पुनः संरचना गर्ने सवालमा मुलतः १-८, ९-१२ गर्ने कि अन्य के गर्ने भन्ने विषयमा कुनै ठोस नीति नवनेको अवस्थामा आगामी दिनमा ०+२, १०+२ मा अध्यापनरत शिक्षकहरूको हैसियत, सेवाशर्त, सुविधा, अधिकार, कर्तव्य एवम् जिम्मेवारी कस्तो रहने भन्ने सम्बन्धमा थुप्रै अन्यौलता रहेको कुरामा शतप्रतिशत प्राचार्यहरू सहमत भएको पाइयो । त्यस्तै संस्थागत संरचनामा रहेका निकायहरूको संरचना, भूमिका र जिम्मेवारी कस्तो कस्तो रहने भन्ने समस्या भएको कुरामा पनि ८०% प्राचार्य तथा शिक्षक सहमत हुनुभएको पाइयो ।

### ख) जनशक्तिको अभाव

दुवै क्षेत्रका सामुदायिक उ.मा.वि.मा पूर्णकालीन शिक्षकको नीतिगत व्यवस्था नहुनु, शिक्षकहरूको स्थायित्व, सेवा र सुविधामा अन्यौलता हुनु, अपनत्वको भावनाको विकास गर्न नसकिनु जस्ता कारणले दक्ष, योग्य शिक्षकहरूको आकर्षण बढाउन गाह्रो भएकोले शैक्षिक जनशक्तिको अभावमा उच्च माध्यमिक शिक्षाको गुणस्तर वृद्धिमा कठिनाई भएको कुरामा ९०% वि.व्य.स. अध्यक्ष तथा प्राचार्यहरू सहमत हुनुभएको पाइयो ।

### ग) शैक्षिक उपलब्धि न्यून हुनु

शहरी र ग्रामीण दुवै क्षेत्रका सामुदायिक उ.मा.वि.को विद्यार्थी उत्तिर्ण दर तथा सिकाइ उपलब्धि ४० % भन्दा कम भएकोले शिक्षाको गुणस्तर विकासमा कठिनाई उत्पन्न भएको कुरामा ८०% वि.व्य.स. अध्यक्ष, प्राचार्य र शिक्षकहरू सहमत हुनुभएको पाइयो ।

### घ) पाठ्यक्रम पाठ्यपुस्तक सम्बन्धि समस्या

नयाँ नयाँ सैद्धान्तिक तथा व्यवहारिक ज्ञानको आविस्कारले दिन प्रतिदिन प्रतिस्पर्धी बन्नु पर्ने अवस्थामा सामयिक, प्रतिस्पर्धी तथा हालको युग सुहाउदो विषयवस्तु सहितको पाठ्यक्रम, पाठ्यपुस्तक निर्माण र कार्यान्वयन सही रूपमा हुन नसकेको कुरामा पनि ७०% प्राचार्य, शिक्षक र विद्यार्थीहरू सहमत भएको पाइयो ।

### ङ) समतामूलक पहुँचको अभाव

आर्थिक रूपले विपन्न र पिछडिएका क्षेत्रका बालबालिकाहरूलाई अझै उच्च माध्यमिक शिक्षाको मूल धारमा सहभागीता सुनिश्चित गरी सामाजिक न्यायमा आधारित शैक्षिक उपलब्धि वितरण प्रणालिको व्यवस्था गर्न नसिकिएको कुरामा ८०% वि.व्य.स. अध्यक्ष र प्राचार्य सहमत हुनुभएको पाइयो ।

### च) आर्थिक स्रोतको अभाव

उ.मा.वि.मा सरकारी अनुदान नगन्य भएको, दातृराष्ट्र तथा विभिन्न गैरसरकारी संस्थाहरूमा आर्थिक रूपले भर पर्नु पर्ने अवस्था भएको, उ.मा.वि.को साधारण तथा विकास तर्फका कार्यक्रम सञ्चालनमा समेत विद्यार्थीहरूबाट प्राप्त शुल्कमा निर्भर रहनु पर्ने बाध्यता भएकोले विद्यार्थी र अभिभावकमा आर्थिक भार बढ्न गएको कुरामा सतप्रतिशत वि.व्य.स. अध्यक्ष, प्राचार्य सहमत हुनुभएको पाइयो ।

**छ) अनुगमनको अभाव**

हाल उ.मा.वि.मा विद्यार्थी भर्नाको चाप वृद्धि भएको छ । सामुदायिक उ.मा.वि.मा नियमित अनुगमन, निरीक्षण, पृष्ठपोषण र सुझाव दिनको लागि उचित किसिमको संगठनात्मक संरचना विकास र कार्यान्वयन हुन नसकेकोमा ८०% प्राचार्य, शिक्षक, विद्यार्थीहरू सहमत हुनुभएको पाइयो ।

**ज) भौतिक साधनको अभाव**

शहरी क्षेत्रका सबै सामुदायिक उ.मा.वि. मा थप भवन निर्माण गर्नका लागि जग्गा उपलब्ध नभएको, पर्याप्त मात्रामा सुविधायुक्त कक्षाकोठा, फर्निचरको व्यवस्था नभएको, कम्प्युटर, विज्ञान प्रयोगशालाको अभाव रहेको कुरामा सतप्रतिशत प्राचार्य सहमत भएको पाइयो ।

**झ) सम्बन्धनमा समस्या**

अत्यन्त सीमित स्रोत साधन, विद्यार्थी र कार्यक्षेत्र भएका विद्यालयलाई पनि सम्बन्धन दिदा सामुदायिक उ.मा.वि. सञ्चालनमा कठिनाई भएको कुरामा ८०% प्राचार्य सहमत भएको पाइयो ।

**ञ) परीक्षा व्यवस्थापनमा कमजोरी**

परीक्षा प्राणालीलाई थप मर्यादित विश्वसनीय र सुधारात्मक बनाउन आवश्यक पर्ने स्रोत, साधन र संयन्त्रको अभाव देखिएकोले परीक्षा नदिएका विषयमा विद्यार्थी उत्तिर्ण हुने, परीक्षा दिएका विषयमा अनुपस्थित हुने, जेहेन्दार विद्यार्थीको नतिजा बिग्रेर आउने जस्ता प्रक्रियाले परीक्षा सञ्चालन, मूल्याङ्कन पद्धतिमा त्रुटि, लापर्वाही भएको कुरामा १००% प्राचार्य, शिक्षक तथा विद्यार्थी सहमत हुनुभएको पाइयो ।

**ट) सहभागिता र अपनत्वको अभाव**

सामुदायिक लगानी र सहभागितामा सञ्चालित सामुदायिक उ.मा.वि.लाई सरकारले अपनत्वको आँखाबाट हेर्न सकेको छैन साथै यस्ता विद्यालयहरूको दिगो विकासको लागि सरकारले आवश्यक लगानी, सक्रियता र सहभागिता बढाउन नसकेको कुरामा सतप्रतिशत प्राचार्य सहमत भएको पाइयो ।

**ठ) राजनैतिक अन्योल र प्रभावका कारणले परेका समस्या**

हाम्रो देशमा विगत लामो समयदेखि राजनैतिक अन्यौल कायम रही रहेको छ । सरकार निरन्तर परिर्वतन हुँदा शैक्षिक नीति नियमहरू परिवर्तन हुने र राजनीतिक रूपले उ.मा.वि.मा प्रत्यक्ष हस्तक्षेप भईरहने कारणले पनि शैक्षिक गुणस्तर बृद्धिमा थप जटिलताहरू सृजना भईरहेको कुरामा १००% प्राचार्य, शिक्षकहरू सहमत हुनुभएको पाइयो ।

**ड) उच्च माध्यमिक शिक्षामा विद्यार्थीहरूको रूचि जगाउन नसकिएको**

उच्च माध्यमिक शिक्षालाई बढी व्यवहारिक सीपमूलक र प्रतिस्पर्धी गराउन नसक्दा यस प्रति विद्यार्थीहरूको रूचि जगाउन नसकिएको भन्नेमा सतप्रतिशत प्राचार्य सहमत भएको पाइयो ।

**ढ) पुस्तकालयमा पर्याप्त पुस्तक नहुनु**

पर्याप्त आर्थिक स्रोतको अभावको कारण पुस्तकालयहरूमा पर्याप्त मात्रामा पाठ्यपुस्तक, सन्दर्भ सामग्री र अन्य शैक्षिक सामग्रीहरू उपलब्ध गराउन नसकिएको कुरामा ९०% प्राचार्यहरू सहमत हुनुभएको पाइयो ।

**ण) शिक्षक तालिमको अभाव**

शिक्षकहरूलाई सेवाकालीन तथा पूनर्ताजगी तालिम उपलब्ध गराई नयाँ नयाँ शिक्षण प्रविधिबारे प्रशिक्षण उपलब्ध गराउन नसकिएको कुरामा सतप्रतिशत प्राचार्य तथा शिक्षक सहमत हुनुभएको पाइयो ।

**ट) सार्वजनिक विदा धेरै हुनु**

सरकारले दिने सार्वजनिक विदा, स्थानिय रूपमा दिइने विदा, बन्द हड्तालको कारणले हुने विदाका कारण धेरै दिन विद्यालय वन्द भई समयमा कोर्स पूरा नहुँदा पनि शैक्षिक उपलब्धि न्यून हुन गएको कुरामा सतप्रतिशत वि.व्य.स. अध्यक्ष, प्राचार्य, शिक्षक र विद्यार्थीहरू सहमत हुनुभएको पाइयो ।

**ठ) आन्तरिक परीक्षा सम्बन्धि समस्या**

विद्यार्थीहरूको आन्तरिक परीक्षा प्रभावकारी रूपमा सञ्चालन नहुनु, परीक्षामा विद्यार्थी सहभागी कम हुनु तथा त्यसको परीक्षाफलको उपादेयता नहुनुले विद्यार्थीको सिकाइ दिगो नभई बार्षिक परीक्षामा राम्रो नतिजा ल्याउन सक्ने अवस्था नहुनु भन्ने कुरामा सतप्रतिशत प्राचार्य, शिक्षक सहमत देखिनु भएको पाइयो ।

**ड) अनुशासन सम्बन्धि समस्या**

विद्यार्थीलाई कडा अनुशासनमा राखेर शिक्षण गर्न नसक्दा उनीहरूको पढाइ प्रति चासो कम भई सिकाई पनि कम भएको कुरामा ८०% प्राचार्य, शिक्षक र विद्यार्थी सहमत हुनुभएको पाइयो ।

**ढ) अन्य समस्याहरू**

शिक्षकको कक्षा अवलोकन नहुनु, शैक्षिक सामग्रीको प्रयोग कम हुनु, शिक्षकहरू नियमित र ठिक समयमा उपस्थित नहुनु, विद्यार्थीको ड्रेस अनिवार्य नहुनु, विद्यार्थीहरूलाई कडा

अनुशासनमा राख्न नसकिनु, खेलमैदान र खेलसामग्रीको अभाव हुनु, छात्रवृत्तिको सुविधा कम हुनु, मासिक शुल्क बढी हुनु, विद्यालयमा आवास, छात्रावासको सुविधा नहुनु, शिक्षक विद्यार्थीबीच सुमधुर सम्बन्ध नहुनु, योजनाबद्ध शैक्षिक कार्यक्रम नहुनु, विद्यार्थी केन्द्रित शिक्षण नहुनु, शिक्षण सिकाइ प्रभावकारी बन्न नसक्नु जस्ता साझा समस्याहरू सामुदायिक उ.मा.वि.मा भएको पाइयो ।

माथि देखिएका शैक्षिक समस्या समाधान गर्न मेरी मार्कर फोलेटको मानविय सम्बन्धको सिद्धान्त अनुसार नेतृत्वमा रहेको व्यक्तिले कुनै कार्यक्रम शुरू गर्दा जिम्मेवार निकाय, व्यक्तिसँग प्रत्यक्ष समन्वय शैक्षिक सत्रको शुरूदेखि नै गर्ने, प्रत्येक पहलहरूबीच पारस्पारिक सम्बन्ध कायम गर्ने, व्यवस्थापकिय कार्य चुस्त र गतिशिल बनाई राख्न अविछिन्न लाग्ने, आर्थिक, सामाजिक र मनोवैज्ञानिक रूपले शिक्षक, कर्मचारी उत्प्रेरित गर्ने गरेमा अपेक्षित नतिजा, शैक्षिक उपलब्धि हासिल गर्न सकिन्छ । उ.मा.वि.मा केही हदसम्म मेरी पार्करको सिद्धान्त उपयोग भएता पनि यो सिद्धान्तलाई उपयोग गरी उ.मा.वि.का माथि उल्लेखित समस्याहरू समाधान गर्न नेपाल सरकार, शिक्षा मन्त्रालय, शिक्षा विभाग, उ.मा.शि.प. र सम्बन्धित उ.मा.वि.को प्रशासन र समुदायको प्रत्यक्ष समन्वयबाट मात्र उ.मा.वि.का विद्यमान शैक्षिक समस्या समाधान गर्न सकिने देखिन्छ ।

## ४.४ शैक्षिक समस्या समाधानका उपाय

अध्ययनको क्रममा १० वटा उ.मा.वि.का प्राचार्य, शिक्षक, वि.व्य.स.का अध्यक्षसँग लिएको प्रश्नावलीमा राखिएको खुल्ला प्रश्नको उत्तरबाट प्राप्त प्रतिक्रियाका आधारमा उ.मा.वि.का शैक्षिक समस्याहरूलाई समाधान गर्ने उपाय सम्बन्धमा निम्न अनुसार उल्लेख गरिएको छ (हेर्नुस् परिशिष्ट : १२) ।

### क) नीतिगत स्पष्टता हुनुपर्ने

विद्यालय शिक्षा कार्यक्रमलाई स्पष्ट रूपमा परिभाषित गर्ने र सोको कार्यन्वयनको लागि स्वायत्त निकायको व्यवस्था गर्नुपर्ने, कक्षा १-८ आधारभूत तह र ९-१२ लाई माध्यमिक तहको शिक्षाको रूपमा विकसित गर्नुपर्ने, त्यसको लागि छुट्टै राष्ट्रिय परीक्षा वोर्ड वनाइनुपर्ने कुरामा ८०% प्राचार्यहरू सहमत भएको पाइयो ।

**ख) शिक्षक दरबन्दीको व्यवस्था हुनुपर्ने**

उ.मा.वि.मा पूर्णकालीन विषयगत शिक्षकको दरबन्दी व्यवस्था हुनुपर्ने, शिक्षकहरूको सेवा, शर्त र सुविधाको ग्यारेन्टि गर्नुपर्ने कुरामा १००% शिक्षकहरू सहमत भएको पाइयो । उ.मा. शिक्षाको गुणस्तरीयता बृद्धि गर्न, मौजुदा शिक्षकहरूको क्षमता अभिवृद्धि गर्न राज्यले प्रयाप्त लगानी गर्नुपर्ने कुरामा सतप्रतिशत वि.व्य.स. अध्यक्ष, प्राचार्य तथा शिक्षक सहमत हुनुभएको पाइयो ।

**ग) पाठ्यक्रम निर्माणमा सरोकारवालाको सहभागिता गराउनु पर्ने**

पाठ्यक्रम, पाठ्यपुस्तक निर्माणमा सरोकारवाला पाठ्यक्रमविद्, विषय विशेषज्ञ, शिक्षक, प्राज्ञिक व्यक्ति, विद्यार्थी सबैको प्रत्यक्ष संलग्नतामा देशको आवश्यकता र युग सुहाउँदो अनुसार पाठ्यक्रम निर्माण गर्नु पर्ने कुरामा सतप्रतिशत प्राचार्य, शिक्षक, विद्यार्थी सहमत भएको पाइयो ।

**घ) शिक्षामा सर्वसाधारणको पहुँच हुनुपर्ने**

उ.मा.शि.लाई सम्पूर्ण वर्गका मानिसको पहुँच हुने गरी सर्वसुलभ र प्रभावकारी वनाइनुपर्ने, उ.मा.वि.मा सरकारी लगानीबृद्धि गरिनु पर्ने, उ.मा.शि.प. र अन्य निकायबाट उ.मा.वि.को भौतिक तथा शैक्षिक विकासको लागि पर्याप्त आर्थिक स्रोत उपलब्ध गराउनुपर्ने कुरामा सतप्रतिशत वि.व्य.स. अध्यक्ष, ८०% प्राचार्य र शिक्षक तथा सतप्रतिशत विद्यार्थी सहमत हुनुभएको पाइयो ।

**ङ) अनुगमन निरिक्षण प्रभावकारी बनाइनु पर्ने**

उ.मा.वि.को सम्बन्धन, अनुगमन तथा निरीक्षणमा स्पष्ट नीति निर्धारण गरी पारदर्शीता अपनाइनु पर्ने कुरामा सतप्रतिशत वि.व्य.स. अध्यक्ष, प्राचार्य, शिक्षक सहमत हुनु भएको पाइयो ।

**च) परीक्षा प्रणालीमा सुधार गर्नु पर्ने**

विद्यमान परीक्षा प्रणालीमा सुधार गरी आन्तरीक मूल्याङ्कनलाई पनि समावेश गरिनु पर्ने, परीक्षा सञ्चालन मर्यादित, अनुशासित बनाउने, मूल्याङ्कन तथा नतिजा प्रकाशनमा वैज्ञानिकता अपनाई उच्च एकता कायम गर्नुपर्ने कुरामा सतप्रतिशत प्राचार्य र शिक्षक सहमत भएको पाइयो ।

**छ) स्वतन्त्र रूपमा प्रशासन सञ्चालन गर्न पाउनु पर्ने**

उ.मा.वि.मा हुने राजनैतिक हस्तक्षेप वन्द गरिनुपर्ने, समुदायको चासो बढाइ प्रशासनले निस्पक्ष र स्वतन्त्र ढंगबाट कार्य गर्न पाउनु पर्ने कुरामा सतप्रतिशत प्राचार्य सहमत भएको पाइयो ।

**ज) त्रिपक्षिय सम्बन्ध सुधार गर्नुपर्ने**

ग्रामीण तथा शहरी दुबै क्षेत्रका उ.मा.वि. सञ्चालनमा देखिएका आर्थिक भौतिक शैक्षिक तथा प्रशासनीक समस्या समाधान गर्न शिक्षक विद्यार्थी अभिभावक र प्रशासनवीचमा बेलाबेलामा शैक्षिक अन्तरक्रिया राखि सुझाव सङ्कलन गर्नुपर्ने र प्राप्त सुझाव अनुसार कार्ययोजना बनाइ त्यसको कडाइका साथ कार्यान्वयन गरिनु पन कुरामा सतप्रतिशत वि.व्य.स. अध्यक्ष, प्राचार्य तथा शिक्षक सहमत भएको पाइयो ।

**झ) अन्य उपाय**

पुस्तकालयमा पर्याप्त पाठ्यपुस्तक व्यवस्था गर्नु पर्ने, शिक्षकहरूलाई तालिमको व्यवस्था गर्नुपर्ने, सार्वजनिक विदा कम गर्नुपर्ने, आन्तरिक परीक्षालाई प्रभावकारी बनाउनुपर्ने, निःशुल्क छात्रवृत्ति सुविधा दिइनुपर्ने कुरामा सतप्रतिशत वि.व्य.स. अध्यक्ष, प्राचार्य, शिक्षक, विद्यार्थी सहमत हुनुभएको पाइयो ।

उ.मा.वि.का शैक्षिक समस्या समाधान गर्न उत्प्रेरणाको आरोग्य सिद्धान्त अन्तर्गतका शिक्षक, कर्मचारीका असन्तुष्टि हटाउन र उनीहरूलाई शिक्षण सिकाइ प्रक्रियामा उत्प्रेरित गर्न, मनोवल बढाउन, कार्यकुशलता वृद्धि गर्न आवश्यक केही तालिम गोष्ठि सञ्चालन भएको पाइएता पनि अझ प्रभावकारी बनाउनु पर्ने देखिन्छ । साथै शिक्षकका असन्तुष्टि हटाउन उ.मा.शि.प.ले स्पष्ट नीति नियम बनाई, प्रशासन सञ्चालन गर्नुपर्ने, उनीहरूको सेवाशर्त, सुविधाको ग्यारेन्टी गर्नुपर्ने, सुपरिवेक्षणमा प्रभावकारी बनाइनु पर्ने तथा सहकर्मी शिक्षकबीच पारस्पारिक समन्वय गर्नुपर्ने साथै व्यक्तिगत जीवन सुरक्षा र काम गर्ने वातावरण सृजना गर्नुपर्ने देखिएको छ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष तथा सुझाव

उच्च माध्यमिक विद्यालयहरूको शैक्षिक अवस्था अध्ययन शीर्षक अन्तर्गत गरिएको यस अध्ययनको चौथो परिच्छेदमा गरिएको तथ्याङ्कको व्याख्या तथा विश्लेषणको आधारमा उद्देश्यको क्रमानुसार प्राप्त भएको प्राप्ति, निष्कर्ष र सुझावलाई निम्नानुसार प्रस्तुत गरिएको छ :-

## ५.१ प्राप्ति

तथ्याङ्कको व्याख्या तथा विश्लेषणका आधारमा प्राप्त भएको मुख्य प्राप्तिहरूलाई उद्देश्यको क्रमानुसार निम्न अनुसार प्रस्तुत गरिएको छ :-

अध्ययन क्षेत्रभित्र रहेका शहरी क्षेत्रका ५ वटा ग्रामीण क्षेत्रका ५ वटा सामुदायिक उ.मा.वि. सबैमा शिक्षाशास्त्र सङ्काय सञ्चालन भएको पाइयो । शहरी क्षेत्रका उ.मा.वि. मा कुल ९० जना शिक्षकमध्ये ७७.५७% पुरूष शिक्षक र २२.२२% महिला शिक्षक भएकोमा ग्रामीण क्षेत्रमा कुल ५३ शिक्षक मध्ये ९२.४५% पुरूष र ७.५% महिला शिक्षक भएको पाइयो । ग्रामीण क्षेत्रमा महिला शिक्षकको सहभागिता निकै कम भएको पाइयो ।

दुबै क्षेत्रमा स्नातकोत्तर उत्तिर्ण गर्ने कुल १३० शिक्षकमध्ये ८७(६६.६९%) शहरी क्षेत्रमा रहेको पाइयो भने स्नातकोत्तर नगर्ने कुल १३ शिक्षक मध्ये १०(७६.९२%) ग्रामीण क्षेत्रका उ.मा.वि.मा रहेको पाइयो । त्यस्तै गरी कुल २२ जना पूर्णकालीन शिक्षक मध्ये दुबै क्षेत्रमा

५०-५०% भएको पाइयो । कुल १२० जना आंशिक शिक्षकहरू मध्ये ७९(६५.८३%) शहरी क्षेत्रमा भएको पाइयो ।

विद्यार्थीको भर्नाको चाप ग्रामीण क्षेत्रमा भन्दा शहरी क्षेत्रमा बढी भएको पाइयो । कक्षा ११ मा विद्यार्थी उत्तिर्ण प्रतिशत हेर्दा पनि ग्रामीण क्षेत्रमा भन्दा शहरी क्षेत्रका उ.मा.वि.मा उत्तिर्ण प्रतिशत राम्रो भएको पाइयो । कक्षा १२ को नतिजा हेर्दा २०६७ सालको औसत उत्तिर्ण प्रतिशत ग्रामीण क्षेत्रमा भन्दा शहरी क्षेत्रमा नै राम्रो पाइयो । अध्ययनको नमुना छनोटमा परेका औसत उत्तिर्ण नतिजा हेर्दा शहरी क्षेत्रमा राम्रो भएको पाइयो ।

शिक्षाशास्त्र सङ्कायतर्फ कक्षा ११ मा भर्ना भएका विद्यार्थीको औसत भर्ना दर र उत्तिर्ण प्रतिशतको नतिजा हेर्दा २०६६ र २०६७ सालमा ग्रामीण क्षेत्रमा भन्दा शहरी क्षेत्रमा बढी विद्यार्थी भर्ना भएको र उत्तिर्ण प्रतिशत २०६६ सालमा ग्रामिण क्षेत्रमा भन्दा शहरी क्षेत्रमा बढी भएता पनि २०६७ सालमा भने शहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रमा बढी भएको पाइयो । कक्षा १२ मा पनि विद्यार्थी भर्नाको चाप शहरी क्षेत्रमा नै बढी पाइयो । २०६६ सालमा ग्रामीण क्षेत्रमा औसत उत्तिर्ण प्रतिशत बढी भएको तर २०६७ सालमा शहरी क्षेत्रमा बढी भएको पाइयो । यसरी विद्यार्थी उत्तिर्ण प्रतिशत मिश्रित आउनुमा परीक्षा प्रणाली फितलो हुनु शिक्षण सिकाइमा अपेक्षाकृत सुधार हुनु जस्ता कारण भएको पाइयो ।

२०६७ सालमा शिक्षाशास्त्र सङ्काय अन्तर्गत कक्षा १२ को परीक्षाको नतिजा अनुसार अनिवार्य अंग्रेजी, बाल विकास, शैक्षणिक मूल्याङ्कन र नेपाली विषयमा सिकाइ उपलब्धि शहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रका उ.मा.वि.मा राम्रो पाइयो । अभ्यास शिक्षण र ऐच्छिक अंग्रेजीको सिकाइ उपलब्धि ग्रामीण क्षेत्रका उ.मा.वि.मा भन्दा शहरी क्षेत्रमा राम्रो भएको पाइयो ।

उच्च माध्यमिक तहको पाठ्क्रम, पाठ्यपुस्तक व्यवहारिक, समय सान्दर्भिक बनाउन नसकिएको, यसको निर्माण गर्दा सम्बन्धित सबै सरोकारवालाको प्रतिनिधित्व नभएको, पाठ्यक्रम र शिक्षक निर्देशिकाको उपलब्धता कम भएको पाइयो । सबै उ.मा.वि.मा पुस्तकालय भएता पनि पर्याप्त पाठ्यपुस्तक र सन्दर्भ सामग्रीको अभाव भएको शैक्षिक सामग्रीको उपलब्धता र प्रयोग कम भएको, गरीव तथा जेहन्दार विद्यार्थीलाई आंशिक

छात्रबृत्ति मात्र प्रदान गरिएको, विद्यालय निरिक्षण प्रभावकारी नभएको, परीक्षा सञ्चालन प्रणालीमा एकरूपता नहुँदा नतिजा प्राप्तिमा पनि एकरूपता नदेखिएको आन्तरिक मूल्याङ्कन प्रक्रिया प्रभावकारी हुन नसकेको, विद्यार्थीहरूलाई उच्च माध्यमिक शिक्षा प्रति रूचि जगाउने र आकर्षण बढाउने कार्य गर्न नसकिएकोले उनीहरूमा सो अध्ययन गर्ने बानीको विकास नभएको पाइयो । यसले गर्दा विद्यालयको नतिजा र सिकाइ उपलब्धि न्यून हुन गएको पाइयो ।

शहरी र ग्रामीण दुबै क्षेत्रका उ.मा.वि.को शैक्षिक अवस्थालाई आर्थिक, भौतिक, शैक्षिक, प्रशासनिक, सामाजिक तथा भौगोलिक तत्वहरूले प्रभाव पारेको छ । सबै उ.मा.वि.को प्रमुख आयस्रोत विद्यार्थीहरूबाट उठ्ने शुल्क भएको, सरकारी अनुदानको रूपमा २-२ वटा कोटा प्राप्त भएको, यस स्रोतले ६०% विद्यालयमा तलब भत्ता खुवाउन नसकिएको पाइयो । समय सुहाउदो रूपमा विद्यार्थीले आवश्यक सुविधाहरू प्राप्त गर्न नसकेको पाइयो ।

विद्यार्थी उत्तिर्ण प्रतिशत कम हुनु, सिकाइ उपलब्धि कम हुनु, नीतिगत र संरचनागत समस्याहरू देखिनु आर्थिक स्रोतको अभाव हुनु अनुगमनको प्रभावकारीता नहुनु, परीक्षा सञ्चालन र मूल्याङ्कनको व्यवस्थापनमा कमजोरी हुनु, राजनैतिक अस्थिरताको कारण बन्द हड्ताल बढी हुनु, शिक्षकलाई शिक्षण तालिमको अभाव हुनु, पूर्णकालीन र विषयगत शिक्षकको व्यवस्था नहुनु, शिक्षकको दरबन्दी व्यवस्था नगरिनु, शिक्षकको सेवा शर्त सुविधाको ग्यारेन्टी नहुनु, समुदायको चासो र जनसहभागिता कम हुनु जस्ता समस्याहरू दुबै क्षेत्रका सामुदायिक उ.मा.वि.मा रहेको पाइयो ।

## ५.२ निष्कर्ष

यस अध्ययनको प्राप्तिका आधारमा निकालिएका निष्कर्ष निम्नानुसार प्रस्तुत गरिएको छ :

ग्रामीण क्षेत्रका उ.मा.वि. मा महिला शिक्षक कम भएको, स्नातकोत्तर उत्तिर्ण शिक्षकको पूर्ण व्यवस्था हुन नसकेको, विद्यार्थी भर्ना प्रतिशत कम भएको, शिक्षक दरबन्दीको व्यवस्था नभएको, शिक्षकको तलब सुविधा कम भएको, शिक्षण सिकाइ प्रभावकारी हुन नसकेको,

विद्यार्थी उत्तिर्ण प्रतिशत कम भएको पाइन्छ । त्यस्तै शहरी क्षेत्रका उ.मा.वि. हरूमा स्नातकोत्तर उत्तिर्ण गरेका विषयगत शिक्षकको व्यवस्था बढी भएको, शिक्षकको सेवा, सर्त, सुविधा केही बढी भएकोले शिक्षकको स्थायित्व भई शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी भएकोले उत्तिर्ण प्रतिशत बढी भएको पाइन्छ । शिक्षाशास्त्र सङ्कायतर्फ भने शहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रमा सिकाइ उपलब्धि र उत्तिर्ण प्रतिशत केही बढी भएको पाइन्छ ।

अध्ययन क्षेत्रमा रहेका सामुदायिक उ.मा.वि. हरूको शैक्षिक अवस्थामा विद्यालयको समग्र आम्दानीले खर्चलाई धान्न सक्ने अवस्थामा धेरै विद्यालय नभएको, सरकारी अनुदान अत्यन्त कम भएको देखिन्छ । सबै उ.मा.वि. को आफ्नै भवन, कक्षाकोठा, फर्निचर, पिउने पानी, शौचालय भए तापनि शैक्षिक सामग्री, खेल मैदान, विज्ञान प्रयोगशाला, छात्रावास, पर्याप्त पुस्तकको व्यवस्था हुन सकेको छैन । त्यसबाहेक प्रभावकारी प्रशासन, सामाजिक विविधता, व्यक्तिगत क्षमता र माग अनुसारको व्यवहारिक पाठ्यक्रम र शिक्षण सिकाइ प्रक्रिया नभएको देखिन्छ । देशको भौगोलिक विकटता, गरिवी, राजनैतिक अस्थिरता, बन्द हडताल आदि कारणले पनि शैक्षिक गुणस्तर खस्कँदै गएको देखिन्छ ।

उ.मा.वि. का आर्थिक, भौतिक, शैक्षणिक तथा मानवीय समस्याहरू रहेका छन् । सरकारी अनुदान कम हुनु, शिक्षक दरबन्दीको व्यवस्था नहुनु, विद्यार्थी संख्या घट्दै गई शुल्क कम उठ्नु, शिक्षक, कर्मचारीको तलब भत्तामा बढी खर्च हुनु, सुविधायुक्त भवन, फर्निचर, शिक्षण सामग्री, पुस्तकालय, प्रयोगशालाको व्यवस्था गर्न नसकिनु, बेलाबेलामा शिक्षक तालिमको व्यवस्था गरी प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न नसकिनु जस्ता समस्या रहेका छन् ।

उ.मा.वि.को शैक्षिक अवस्था राम्रो बनाउन स्थानीय अभिभावकबाट सहयोग जुटाएर, विद्यार्थी संख्या बढाएर, सरकारी अनुदान वृद्धि गरेर विद्यालयलाई राजनीतिबाट मुक्तपारी शान्ति क्षेत्रको रूपमा सञ्चालन गरेर, विषयगत दक्ष शिक्षक छनौट गरेर, रोजगारमुखी र व्यवहारिक र सर्वसुलभ शिक्षा दिने पाठ्यक्रम लागू गरेर, उ.मा.वि. सञ्चालनको लागि प्रभावकारी नीति ल्याएर मात्र उ.मा.वि.मा विद्यार्थीको आर्कषण बढ्छ र शैक्षिक गुणस्तर पनि सुधार हुन्छ भन्ने सुझाव व्यक्त गरिएको छ ।

## ५.३ सुझाव

उच्च माध्यमिक विद्यालयहरूको शैक्षिक अवस्था अध्ययन शीर्षकको यस अध्ययनबाट प्राप्त भएका प्राप्ति र निष्कर्षका आधारमा उच्च माध्यमिक शिक्षालाई सर्वसुलभ, गुणस्तरीय, समयसापेक्ष, जीवनउपयोगी बनाउदै राष्ट्रिय एवम् विश्वव्यापी रूपमा प्रतिस्पर्धा गर्न सक्ने मध्यम स्तरीय जनशक्ति तयार गर्ने तथा ग्रामीण र शहरी क्षेत्रका सामुदायिक उ.मा.वि.मा देखिएका शैक्षिक समस्या पहिचान गरी सुधारको लागि निम्न अनुसार सुझावहरू प्रस्तुत गरिएको छ ।

ग्रामीण र शहरी दुबै क्षेत्रका सामुदायिक विद्यालयहरूमा उत्तिर्ण प्रतिशत र सिकाइ उपलब्धि कम भएकोले बृद्धि गर्न योग्यता पुगेका तालिम प्राप्त विषयगत शिक्षक दरवान्दीको व्यवस्था गरि उनीहरूलाई आवश्यक रूपमा पुनर्ताजगी तालिम दिइरहनु पर्छ ।

विद्यालयको शैक्षिक, भौतिक तथा प्रशासनिक समस्या पहिचान गरी उचित समाधान गर्न प्राचार्य, शिक्षक, विद्यार्थी तथा अभिभावकवीच बेलाबेलामा अन्तरक्रिया गरी त्यसबाट प्राप्त निष्कर्षलाई समाधानका उपायको रूपमा लिइ आवश्यक पूर्व योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनु पर्दछ । दुबै क्षेत्रका उ.मा.वि.लाई आर्थिक, भौतिक तथा प्रशासनिक रूपले सवल बनाउन आवश्यक स्रोत साधन नेपाल सरकारले उपलब्ध गराउनु पर्छ । समुदायको जनसहभागिता पनि सक्रिय रूपमा गराउनु पर्छ । सामुदायिक उ.मा.वि.लाई सर्वसाधारण र निम्न वर्गका मानिसहरूका बालबालिका अध्ययन गर्न सक्ने गरी बढी भन्दा बढी सर्वसुलभ बनाइनु पर्छ । त्यसको लागि कक्षा १२ सम्मको शिक्षालाई सरकारले पूर्ण रूपमा जिम्मा लिइ सर्वसुलभ बनाउनु पर्छ । खानेपानी, शौचालय, पर्याप्त खेलमैदान, पुस्तकालय, प्रयोगशाला, कम्प्युटर, इमेल, इन्टरनेट जस्ता सुविधाको पहुँच सबै विद्यार्थीहरूमा पुऱ्याउनु पर्छ ।

उच्च माध्यमिक विद्यालयका शिक्षकहरूले अहिलेको अवस्थामा पनि परम्परागत शिक्षण विधि नै बढी प्रयोग गरेको पाइएकोले त्यसमा सुधार गरी विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग गर्नु पर्छ । सामुदायिक विद्यालयमा हुने बढ्दो राजनीतिकरण रोकिनु पर्छ । शिक्षकहरूले

उत्तरदायित्व र जिम्मेवारी बोध गर्नु पर्छ । असल मेहनती शिक्षकहरूलाई पुरस्कार र खराव आचरण भएका शिक्षकलाई दण्डको व्यवस्थ गरिनु पर्छ । शिक्षकहरूको सेवा, शर्त र सुविधामा राज्यले मानविय सम्बन्ध स्थापित गर्न सक्नुपर्दछ ।

विद्यालयमा बन्द, हडताल र डर त्रासको वातावरण रहिरहेकोले त्यसलाई हटाउन विद्यालयमा राजनैतिक हस्तक्षेप बन्दगर्नुपर्छ । विद्यालयलाई शान्ति क्षेत्रको रूपमा घोषणा गरि लागु गरिनुपर्छ । विद्यालयमा बालमैत्री शिक्षण वातावरण सृजना गरिनुपर्छ ।

उच्च माध्यमिक शिक्षा ऐन र नियमावलीका नीतिगत अन्योलता हटाइ आवश्यक सुधार र परिमार्जन गर्नुपर्छ । उच्च माध्यमिक शिक्षामा सरकारको सक्रिय संलग्नता, लगानी, र दायित्व बढाउनु पर्छ । यसलाई प्रतिस्पर्धी र समसामयिक बनाइ गुणस्तरीय शिक्षा प्रदान गर्न देशको आवश्यकता र बदलिदो युग अनुसार सरोकारवाला सबैको संलग्नतामा छलफल गरी पाठ्यक्रमलाई परिमार्जित बनाइनु पर्दछ । विद्यालयको शैक्षिक गुणस्तर बृद्धि गर्न निजी तथा सार्वजनिक साझेदारी कार्यक्रमलाई प्रभावकारी बनाइनु पर्छ । कक्षा ९-१२ लाई माध्यमिक तहको रूपमा सञ्चालन गरी एउटै स्वायत्त राष्ट्रिय परीक्षा बोर्ड मार्फत परीक्षा सञ्चालन गरिनु पर्छ ।

उच्च माध्यमिक विद्यालयहरूमा पूर्णकालीन शिक्षकको व्यवस्था नभएको, शिक्षकहरूको स्थायित्व सेवा सुविधामा अन्यौलता कायम भएको कारण उच्च माध्यमिक विद्यालयका शिक्षकहरूमा अपनत्वको भावनाको विकास नभएकोले यस बारेमा सकारात्मक पहल गरिनु पर्छ ।

उ.मा.वि.ले उच्च माध्यमिक शिक्षा परिषद् र अन्य शैक्षिक निकायहरूवीच समन्वयकारी भूमिका निर्वाह गरी यसका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिनु पर्छ । आन्तरीक मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइनु पर्छ । परीक्षा प्रणालीलाई मर्यादित विश्वसनीय र सुधारात्मक बनाइनु पर्दछ ।

सामुदायिक उच्च माध्यमिक विद्यालयहरूमा शैक्षिक उपलब्धि बढाउने प्रभावकारी योजना र कार्यक्रम गराई लागू गराइनु पर्छ । अंग्रेजी विषयमा सामुदायिक उ.मा.वि.को सिकाइ

उपलब्धि न्यून भएकोले सिकाइ उपलब्धि बढाउन शिक्षकहरूलाई तालिमको व्यवस्था गर्ने, अंग्रेजी विषयको अतिरिक्त कक्षा सञ्चालन गर्ने तथा मूल्यांकन प्रक्रियालाई प्रभावकारी बनाइनु पर्छ । उच्च माध्यमिक शिक्षालाई बढी भन्दा बढी अनुसन्धानमुखी बनाइनु पर्छ । प्रयाप्त शैक्षिक सामग्री शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीको व्यवस्था गरिनु पर्दछ । आर्थिक रूपले विपन्न पिछडिएका बालबालिकाहरूको सहभगिता सुनिश्चित हुने गरी सामाजिक न्यायमा आधारित शैक्षिक उपलब्धि वितरण प्रणालीको स्थापना गरिनु पर्छ । प्रतिभाशाली विद्यार्थीहरूलाई उच्चतम सिकाइ उपलब्धि प्राप्तिका लागि प्रोत्साहित गराइनु पर्छ । शिक्षण सिकाइ वातावरण बालमैत्रि बनाइनु पर्ने, शिक्षामा आधुनिक शिक्षण प्रविधिहरू लागू गरिनु पर्ने र विद्यालयमा शुद्ध शैक्षिक वातावरण सिर्जना गरी शान्तिपूर्ण रूपमा कुनै राजनैतिक हस्तक्षेप र भय रहित किसिमले विद्यालय सञ्चालन हुनु पर्छ ।

उ.मा.वि. सम्बन्धन दिदा विद्यालयको आर्थिक भौतिक प्रशासनिक पक्ष र विद्यार्थी संख्याको यथार्थ बस्तुस्थिति  बुझेर मात्र सम्बन्धन दिनु पर्छ । उ.मा. शिक्षा परिषद्को नीति नियम अनुसार विद्यालय सञ्चालन भए नभएको अनुगमन गर्न, परीक्षा प्रणालीमा सुधार ल्याउन र परीक्षालाई मर्यादित बनाउन सुपरिवेक्षण प्रभावकारी बनाउनु पर्छ ।

# सन्दर्भ सामग्री


अधिकारी, विष्णुप्रसाद (२०५९), नेपालमा शिक्षा आयोगका प्रतिवेदनको सङ्ग्रह, काठमाडौं : आशिष पुस्तक भण्डार ।

उच्च माध्यमिक शिक्षा परिषद् (२०५५) विनियमहरू  सानोठिमी भक्तपुर : लेखक ।

उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०५५), शिक्षा मन्त्रालय, काठमाडौं : लेखक ।

काफ्ले, बासुदेव र पौडेल गिरिराज (२०६४), शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार, काठमाडौं : जुपिटर पब्लिकेशन प्रा.लि. ।

कोइराला, विद्यानाथ (२०६७), संप्रेषण, उच्च माध्यमिक गतिविधि, वर्ष : १३, अंङ्क : २३, उ.मा.शि.प. सानोठिमी भक्तपुर : लेखक ।

कोइराला, विद्यानाथ तथा श्रेष्ठ, चन्द्रबहादुर (२०६७), शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६७), शैक्षिक अनुसन्धान पद्धति, चौथो संस्करण, काठमाडौं : सनलाइट पब्लिकेशन ।

नेपाल, जनार्दन (२०६४), नेपालका शिक्षा प्रणाली चुनौती र सम्भावना, काठमाडौं : मकालु प्रकाशन गृह ।

योजना तथा अनुगमन महाशाखा (२०६७), संप्रेषण, उच्च माध्यमिक गतिविधि, वर्ष : १३, अंङ्क : २३, उ.मा.शि.प. सानोठिमी भक्तपुर : लेखक ।

राष्ट्रिय शिक्षा आयोग (२०४९),को प्रतिवेदन  शिक्षा मन्त्रालय, काठमाडौं : लेखक ।

वाग्ले, मनप्रसाद र ढकाल, माधवप्रसाद (२०५५), शिक्षाको प्रारम्भिक परिचय, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

विद्यालय क्षेत्र सुधार कार्यक्रम (२०६६), शिक्षा मन्त्रालय, काठमाडौं : शिक्षा विभाग ।

शर्मा, गोपीनाथ (२०५९), नेपालका शिक्षा आयोगका प्रतिवेदनहरू, काठमाडौं : मकालु बुक्स एण्ड स्टेशनर्स ।

शर्मा, चिरञ्जिवी (२०६७), शिक्षाका आधारहरू, काठमाडौं : एम.के. पब्लिशर्स डिष्ट्रिव्युटर्स ।

शिक्षा विभाग (२०५८), शिक्षा सम्बन्धी उच्च स्तरीय कार्य समितिको प्रतिवेदन, शिक्षा मन्त्रालय, काठमाडौं ।

शिक्षा विभाग (२०६०), अध्ययन प्रतिवेदन, भक्तपुर : नेपाल सरकार ।

सापकोटा, इन्द्रनारायण (२०६३), झापा जिल्लाका उच्च माध्यमिक विद्यालयको शैक्षिक स्थिति, अप्रकाशित शिक्षा स्नातकोत्तर शोधपत्र, त्रि.वि.वि., काठमाडौं ।

सुबेदी, पर्शुराम (२०६२), उच्च माध्यमिक विद्यालयको वर्तमान अवस्था : अप्रकाशित शिक्षा स्नातकोत्तर शोधपत्र, त्रि.वि.वि., कीर्तिपुर, काठमाडौं ।

CERID (1998), Problems and Issues of Higher Secondary Education, Kathmandu : Writer.

HSEB (2066), Examination of Grade XI and XII at a Glance, Bhaktapur : HSEB.

## उच्च माध्यमिक विद्यालयको शैक्षिक अवस्था

## परिशिष्ट : १

## प्राचार्यका लागि अन्तरवार्ता प्रश्नावली

नाम :

विद्यालय :

१. तपाईको उ.मा.वि.ले उच्च माध्यमिक परिषदसँग कहिले सम्बन्धन प्राप्त गरेको हो ?

२. हाल यस उ.मा.वि.मा चालु सङ्कायहरू के के छन् ?

३. उच्च माध्यमिक तहमा अध्यापनरत जम्मा शिक्षक कति छन् ?

क) महिला : ................ ख) पुरुष : ................

४. शिक्षकहरूको शैक्षिक योग्यता र संख्या कति छ ?

क) स्नातकोत्तर उत्तिर्ण : ........... जना          ख) स्नातक उत्तिर्ण : ........... जना

५ शिक्षाशास्त्रमा स्नातकोत्तर पुरा गर्ने शिक्षक कति हुनुहन्छ ?

६. पूर्णकालीन र आंशिक शिक्षक कति कति हुनुहुन्छ ?

७. कक्षा ११ र १२ मा हाल अध्ययनरत विद्यार्थी कति कति हुनुहुन्छ ?

८. २०६७ सालमा परीक्षामा सामेल उत्तिर्ण विद्यार्थी संख्या कति कति छन् ?

९. शिक्षा शास्त्र सङ्कायमा विद्यार्थी भर्ना र उत्तिर्ण विद्यार्थी संख्या कति कति छन् ?

| साल | विद्यार्थी भर्ना | उत्तिर्ण संख्या |
|---|---|---|
| २०६५ | | |
| २०६६ | | |
| २०६७ | | |

१०. विगत ३ वर्षको विद्यार्थी भर्नाको अवस्था

| साल | २०६५ | २०६६ | २०६७ |
|---|---|---|---|
| छात्रा | | | |
| छात्र | | | |
| जम्मा | | | |

११. विद्यार्थीको सिकाइ उपलब्धि बढाउन के के कार्यक्रम ल्याउनु भएको छ ?

१२. आन्तिरीक परीक्षा लिने र मूल्याङ्कन प्रभावकारी बनाउन के के गर्नु भएको छ ?

१३. शिक्षकहरूको कक्षा निरीक्षण र पृष्ठपोषण दिनुभएको छ कि छैन ?

१३. विद्यालयमा प्रभावकारी अनुगमन र निरीक्षण हुने गरेको छ कि छैन ?

१४. शिक्षाको गुणस्तर विकासमा क-कसको सहयोगको अपेक्षा ठान्नुहुन्छ ?

१५. तपाईको विद्यालयको भौतिक अवस्था कस्तो छ ?

१६. तपाईको विद्यालयको आर्थिक अवस्था कस्तो छ ?

१७. उच्च माध्यमिक विद्यालयको वर्तमान प्रशासतिक नीति उपयुक्त छ कि छैन ?

१८. उच्च माध्यमिक शिक्षालाई प्रभावकारी बनाउन के के गर्नु पर्ला ?

१९. उच्च माध्यमिक विद्यालयका वर्तमान शैक्षिक समस्याहरू के के छन् ?

२०. उच्च मा.वि. शैक्षिक समाधानका उपायहरू के के हुन सक्छन् ।

## उच्च माध्यमिक विद्यालयको शैक्षिक अवस्था

## परिशिष्ट : २

## शिक्षकका लागि अन्तरवार्ता प्रश्नावली

नाम :

विद्यालय : अध्यापन गर्ने विषय :

१. तपाईले यस विद्यालयमा अध्यापन गरी आएको कति वर्ष भयो ?

२. उच्च माध्यमिक पाठ्यक्रममा समावेस गरिएका विषय वस्तुहरू कस्ता छन् ?

३. तपाईले अध्यापन गर्ने विषयको शिक्षक निर्देशिका पाठ्यपुस्तक एवम् सन्दर्भ सामग्रीहरूको उपलब्धता छ कि छैन ?

४. तपाइले अध्यापन गर्ने विषयका पाठ्यक्रम पाठ्यपुस्तक कत्तिको गुणस्तरीय छन् ?

५. शिक्षण कार्यमा शैक्षिक सामग्रीको प्रयोग कत्तिको गर्नुहुन्छ ?

६. शिक्षण कार्यक्रमा कुन कुन शिक्षण विधि अपनाउनुहुन्छ ?

७. तपाईको कक्षा शिक्षणको निरिक्षण र आवश्यक पृष्ठपोषणको अपेक्षा गर्नु भएको छ कि छैन ?

८. उच्च माध्यमिक शिक्षालाई अझ प्रभावकारी बनाउन क-कस्को भूमिका रहन्छ ?

९. उच्च माध्यमिक शिक्षालाई कसरी प्रभावकारी र गुणस्तरीय बनाउन सकिन्छ ?

१०. उच्च माध्यमिक विद्यालयहरू कुन संरचनामा सञ्चालन गर्न उपयुक्त हुन्छ ?

११. उ.मा.वि. तहको एउटा कक्षामा कति विद्यार्थी रहनु उपयुक्त हुन्छ ?

१२. उ.मा.वि.हरूको शैक्षिक स्तरमा सुधार गर्न के के गर्नु पर्छ ?

१३. उ.मा.वि.हरूले भोगीरहेका वर्तमान शैक्षिक समस्याहरू के के होलान् ?

१४. उ.मा.वि.का वर्तमान शैक्षिक समस्याहरू समाधानका उपायहरू के के होलान् ? आवश्यक सुझाव दिनुहोस् ।

## उच्च माध्यमिक विद्यालयको शैक्षिक अवस्था

## परिशिष्ट : ३

## विद्यार्थीका लागि अन्तरवार्ता प्रश्नावली

नाम :

विद्यालय :

कक्षा : सङ्काय :

१. उ.मा.वि. तहको पाठ्यक्रम र पाठ्यपुस्तकले उच्च शिक्षाको लागि आधार तयार गर्छ कि गर्दैन ?

२. उ.मा.शि.ले मध्यम स्तरीय जनशक्ति तयार गर्न मद्दत गर्छ वा गर्दैन ?

३. तपाईको विद्यालयमा दिइने शिक्षण कत्तिको प्रभावकारी ठान्नुभएको छ ?

४. पाठ्यपुस्तकहरू बजारमा पर्याप्त पाइन्छ कि पाइदैन ?

५. पाठ्यपुस्तकको मूल्य कस्तो रहेको छ ?

६. विद्यालयमा पुस्तकालय छ कि छैन ?

७. पुस्तकालयमा पाठ्यपुस्तक कत्तिको उपलब्ध हुन्छ ?

८. पाठ्यपुस्तकहरू कत्तिको प्रभावकारी छन् ?

९. विद्यालयमा शैक्षिक सामग्रीको उपलब्धता र कक्षा शिक्षणमा त्यसको प्रयोग हुन्छ की हुँदैन ?

१०. विद्यार्थीहरूलाई कस्तो कस्तो छात्रबृत्ति उपलब्ध गराइन्छ ?

११. विद्यालय शैक्षिक वातावरण कस्तो लागेको छ ?

१२. विद्यालय प्रशासन शिक्षक र विद्यालय व्यवस्थापनको विद्यार्थी प्रतिको भूमिका कस्तो पाउनु भएको छ ?

१३. विद्यार्थीहरू कत्तिको अनुशासित छन् ?

१४. आन्तरिक परीक्षा लिने र मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण दिइन्छ कि दिइँदैन ?

१५. कक्षाकोठा, फर्निचर, भेन्टिलेसन र प्रकाशको राम्रो व्यवस्था छ कि छैन ?

१६. स्वच्छ पिउने पानी र शौचालयको व्यवस्था छ कि छैन ?

१७. उ.मा.वि.हरूका शैक्षिक समस्याहरू के के होलान ?

१८ उ.मा.वि.हरूका शैक्षिक समस्याहरूका समाधानका उपायहरू के के होलान ?

१९. विद्यालयमा अतिरिक्त क्रियाकलाप अन्तरगत कस्ता कस्ता कृयाकलापहरू गराइन्छ ?

२०. विद्यालयमा कम्प्युटर, इमेल, इन्टरनेट आदि सेवा उपलब्ध छ कि छैन ?

## उच्च माध्यमिक विद्यालयको शैक्षिक अवस्था

## परिशिष्ट : ४

## वि.व्य.स. अध्यक्षको लागि अन्तरवार्ता प्रश्नावली

नाम :

१. तपाई यस विद्यालयको व्यवस्थापन समितिमा कहिले देखि रहनु भएको हो ?

२. व्यवस्थापन समितिको बैठक वर्षमा कति पटक बस्छ ?

३. बैठकका निर्णयहरू केका आधारमा गरिन्छन् ?

४. शिक्षक कर्मचारीहरूको नियुक्ती के का आधारमा गरिन्छ ?

५. विद्यालयमा राजनितीक हस्तक्षेप कति हुने गरेको छ ?

६. विद्यालयको नियमित निरिक्षण गर्नुभएको छ कि छैन ?

७. विद्यालयको मुख्य आयस्रोत के के रहेको छ ?

८. उच्च मा.वि.मा विद्यार्थीको शुल्कको अवस्था कस्तो रहेको छ ?

९. उच्च माध्यमिक शिक्षालाई सर्वसुलभ वनाई जनताको पहुँच योग्य बनाउन के गर्नुपर्छ ?

१०. विद्यालयमा विद्यार्थी सहभागीता बृद्धि गर्न र शैक्षिक उपलब्धि बृद्धि गर्न केके गर्नुपर्ला ?

११. विद्यालयमा शिक्षकहरूको नियमित उपस्थिती र सक्रिय शिक्षण भएको छ कि छैन ?

१२. शिक्षक, विद्यार्थी, अभिभावक र वि.व्य.स.वीच बेलबेलामा अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन भइ विद्यालयको शैक्षिक, भौतिक, आर्थिक र प्रशासनिक क्षेत्रका समस्या र समाधानका उपाय बारेमा राय सुझाव सङ्कलन गरी त्यसको कार्यान्वयन गरिन्छ कि गरिदैन ?

१३. तपाईको विचारमा उ.मा.वि.मा देखिएका शैक्षिक समस्याहरू के के हुन् ?

१४. उ.मा.वि.का शैक्षिक समस्या समाधान गर्ने उपाय के के हुन सक्छन् ? आवश्यक सुझाव दिनुहोला ।

## परिशिष्ट : ५

## विद्यालय सर्वेक्षण फारम, २०६८

विद्यालयको नाम :.....................................................

ठेगाना :................................................. मिति :..............................

उपयुक्त उत्तरमा (√) चिन्ह लगाउनुहोस ।

| | | | |
|---|---|---|---|
| १. | विद्यालय कम्पाउण्ड पर्खालले घेरिएको | छ | छैन |
| २ | विद्यालय कम्पाउण्डमा गेट राखिएका | छ | छैन |
| ३ | विद्यार्थी, शिक्षक तथा अभिभावकले पालन गर्नु पर्ने आचारसंहिता भित्तामा उल्लेख | छ | छैन |
| ४ | विद्यालयको भवनको अवस्था | पक्की | कच्ची |
| ५ | विद्यालयको आफ्नै उपयुक्त खेल मैदान | छ | छैन |
| ६ | विद्यार्थी संख्याको आधारमा कक्षाकोठा, फर्निचरको व्यवस्था प्रयाप्त | छ | छैन |
| ७ | कक्षाकोठामा आवस्यक प्रकाश, झ्यालको व्यवस्था | छ | छैन |
| ८ | कक्षाकोठामा पंखा राखिएको छ कि छैन ? | छ | छैन |
| ९ | विद्यालयमा सफा खानेपानीको व्यवस्था | छ | छैन |
| १० | विद्यालयमा प्रयाप्त शौचालय व्यवस्था | छ | छैन |
| ११ | विद्यालयको समग्र वातावरणको अवस्था कस्तो रहेको छ ? | | |
| १२ | खेलकुद सामग्री, शैक्षिक सामग्री प्रयाप्त उपलब्ध | छ | छैन |

## परिशिष्ट : ६

## शिक्षक सर्वेक्षण फारम

विद्यालयको नाम :

ठेगाना :

| क.सं. | शिक्षकको नाम | लिङ्ग | पद | उमेर | तालिम | योग्यता | सेवा अनुभव | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## परिशिष्ट : ७

## विद्यार्थीको प्राप्ताङ्क विवरण फारम

उ.मा.वि.को नाम :

ठेगाना :

सङ्काय : कक्षा :

शैक्षिक सत्र :

| क्र.सं. | विद्यार्थीको नाम | अनिवार्य अंग्रेजी | | बाल विकास | | शैक्षणिक मूल्याङ्कन | | अभ्यास शिक्षण | | ऐच्छिक नेपाली | | ऐच्छिक अंग्रेजी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पू. | प्रा. | पू. | प्रा. | पू. | प्रा. | पू. | प्रा. | पू. | प्रा. | पू. | प्रा. |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

## उच्च माध्यमिक विद्यालयको शैक्षिक अवस्था

## परिशिष्ट : ८

## उच्च माध्यमिक तह सञ्चालन वर्ष र चालु सङ्काय

| क.सं. | क्षेत्र | विद्यालयको नाम, ठेगाना | स्थापना | चालु सङ्काय |
|---|---|---|---|---|
| १. | शहरी | महेन्द्रवोधी उ.मा.वि. तानसेन | ०६५ | शिक्षा, व्यवस्थापन |
| २. | शहरी | प.प.उ.मा.वि. तानसेन | ०६५ | शिक्षा, व्यवस्थापन |
| ३. | शहरी | जनता उ.मा.वि. तानसेन | ०६० | शिक्षा, विज्ञान, मानविकी, व्यवस्थापन |
| ४. | शहरी | सेन उ.मा.वि. तानसेन | ०६३ | शिक्षा, व्यवस्थापन, विज्ञान |
| ५. | शहरी | मोहनकन्या उ.मा.वि. तानसेन | ०५८ | मानविकी, शिक्षा, व्यवस्थापन |
| ६. | ग्रामीण | जनविकास उ.मा.वि. दर्छा | ०४९ | शिक्षा, व्यवस्थापन |
| ७. | ग्रामीण | जनमार्ग उ.मा.वि. सिलुवा | ०६५ | शिक्षा, व्यवस्थापन |
| ८. | ग्रामीण | दरैठाँटी उ.मा.वि. रामपुर | ०६५ | शिक्षा, व्यवस्थापन |
| ९. | ग्रामीण | गंगा उ.मा.वि. खालिवन | ०६५ | शिक्षा, मानविकी, व्यवस्थापन |
| १०. | ग्रामीण | श्री रामतुलसी उ.मा.वि. रामपुर | ०६४ | शिक्षा, विज्ञान, मानविकी, व्यवस्थापन |

## उच्च माध्यमिक विद्यालयको शैक्षिक अवस्था

## परिशिष्ट : ९

## नमुना छनोट गरिएको सामुदायिक उच्च माध्यमिक विद्यालय

| क्र.सं. | उ.मा.वि.को नाम | ठेगाना | क्षेत्र |
|---|---|---|---|
| १ | महेन्द्रबोधी उ.मा.वि. | तानसेन, पाल्पा | शहरी |
| २ | प.प उ.मा.वि. | तानसेन, पाल्पा | शहरी |
| ३ | जनता न. उ.मा.वि. | तानसेन, पाल्पा | शहरी |
| ४ | सेन उ.मा.वि. | तानसेन, पाल्पा | शहरी |
| ५ | मोहनकन्या उ.मा.वि. | तानसेन, पाल्पा | शहरी |
| ६ | जनविकास उ.मा.वि | दर्छा, पाल्पा | ग्रामीण |
| ७ | जनमार्ग उ.मा.वि. | सिलुवा, पाल्पा | ग्रामीण |
| ८ | दरैठाँटी उ.मा.वि. | रामपुर, पाल्पा | ग्रामीण |
| ९ | गंगा उ.मा.वि. | खालिबन, पाल्पा | ग्रामीण |
| १० | राम तुलसी उ.मा.वि. | रामपुर, पाल्पा | ग्रामीण |

## उच्च माध्यमिक विद्यालयको शैक्षिक अवस्था

## परिशिष्ट : १०

## उच्च माध्यमिक तहको शैक्षिक अवस्थामा प्रभाव पार्ने तत्व

| क्र. सं. | विवरण | वि.व्य.स. अ. १० | प्राचार्य १० | शिक्षक २० | विद्यार्थी ६० |
|---|---|---|---|---|---|
| १ | आर्थिक तत्व | | | | |
| क | गरिवी | ८ (८०) | ८ (८०) | १६ (८०) | ४८ (८०) |
| ख | सरकारी अनुदान | १० (१००) | १० (१००) | २० (१००) | ६० (१००) |
| ग | तलब भत्तामा बढी रकम खर्च हुनु | १० (१००) | १० (१००) | २० (१००) | ६० (१००) |
| घ | बेरोजगारी बढ्नु | १० (१००) | १० (१००) | २० (१००) | ६० (१००) |
| २ | भौतिक तत्व | | | | |
| क | आफ्नै भवन | १० (१००) | १० (१००) | २० (१००) | ६० (१००) |
| ख | शौचालय र खानेपानी | १० (१००) | १० (१००) | २० (१००) | ६० (१००) |
| ग | आफ्नै खेलमैदान | १० (१००) | १० (१००) | २० (१००) | ६० (१००) |
| घ | विज्ञान प्रयोगशाला | १० (१००) | १० (१००) | २० (१००) | ६० (१००) |
| ङ | पुस्तकालय | १० (१००) | १० (१००) | २० (१००) | ६० (१००) |
| ३ | प्रशासनिक तत्व | | | | |
| क | प्राचार्यको योग्यता र नेतृत्व क्षमता | १० (१००) | १० (१००) | २० (१००) | ६० (१००) |
| ख | प्रशासनमा राजनैतिक हस्तक्षेप | १० (१००) | १० (१००) | २० (१००) | ६० (१००) |
| ४ | सामाजिक तत्व | | | | |
| क | सामाजिक विविधता | १० (१००) | १० (१००) | २० (१००) | ६० (१००) |
| ५ | भौगोलिक तत्व | | | | |
| क | भौगोलिक विकटताले केन्द्रको सुविधा कम प्राप्त हुनु | ९ (९०) | ९ (९०) | १८ (९०) | ५४ (९०) |
| ख | विद्यार्थी संख्या कम हुनु | ९ (९०) | ९ (९०) | १८ (९०) | ५४ (९०) |
| ६ | वातावरणीय तत्व | | | | |
| क | व्यवस्थित कम्पाउण्ड | १० (१००) | १० (१००) | २० (१००) | ६० (१००) |
| ख | स्वच्छ र कोलाहलरहित वातावरण | १० (१००) | १० (१००) | २० (१००) | ६० (१००) |
| ७ | पाठ्यक्रम सम्बन्धी तत्व | | | | |
| क | व्यवहारिक र सीपमूलक पाठ्यक्रम | १० (१००) | १० (१००) | २० (१००) | ६० (१००) |
| ख | उपयुक्त सिकाइ योजना | १० (१००) | १० (१००) | २० (१००) | ६० (१००) |

(नोट : कोष्ठको संख्याले प्रतिशत जनाउँछ ।)  स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

## परिशिष्ट : ११

## उच्च माध्यमिक विद्यालयका शैक्षिक समस्या

| क. सं. | विवरण | वि.व्य.स. अ. १० | प्राचार्य १० | शिक्षक २० | विद्यार्थी ६० |
|---|---|---|---|---|---|
| १ | नितिगत र संरचनागत समस्या भएको | - | ८ (८०) | १६ (८०) | - |
| २ | जनशक्तिको अभाव | ९ (९०) | ९ (९०) | - | - |
| ३ | शैक्षिक उपलब्धि न्यून हुनु | ८ (८०) | ८ (८०) | १६ (८०) | |
| ४ | पाठ्क्रम निर्माणमा सरोकारवालाको सहभागिता | - | ७ (७०) | १४ (७०) | ४२ (७०) |
| ५ | समतामूलक पहुँचको अभाव | ८ (८०) | ८ (८०) | - | - |
| ६ | आर्थिक स्रोतको अभाव | १० (१००) | १० (१००) | - | - |
| ७ | अनुगमनको अभाव | - | ८ (८०) | १६ (८०) | ४८ (८०) |
| ८ | शैक्षिक उपलब्धि न्यून हुनु | ८ (८०) | ८ (८०) | १६ (८०) | - |
| ९ | भौतिक साधनको अभाव | १० (१००) | १० (१००) | २० (१००) | ६० (१००) |
| १० | राजनैतिक हस्तक्षेप | १० (१००) | १० (१००) | २० (१००) | ६० (१००) |
| ११ | शिक्षक तालिमको अभाव | - | १० (१००) | २० (१००) | - |
| १२ | सार्वजानिक विदा वढि हुनु | १० (१००) | १० (१००) | २० (१००) | ६० (१००) |
| १३ | विद्यार्थीमा अनुशासनको कमि | ८ (८०) | ८ (८०) | १६ (८०) | ४८ (८०) |

(नोट : कोष्ठको संख्याले प्रतिशत जनाउँछ ।) स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

## उच्च माध्यमिक विद्यालयको शैक्षिक अवस्था

## परिशिष्ट : १२

## शैक्षिक समस्या समाधानका उपाय

| क. सं. | विवरण | वि.व्य.स. अ. १० | प्राचार्य १० | शिक्षक २० | विद्यार्थी ६० |
|---|---|---|---|---|---|
| १ | नितिगत स्पष्टता हुनुपर्ने | – | ८ (८०) | - | - |
| २ | शिक्षक दरवन्दी हुनुपर्ने | १० (१००) | १० (१००) | २० (१००) | – |
| ३ | पाठ्यक्रम निर्माणमा सहभागीता हुनुपर्ने | - | १० (१००) | २० (१००) | ६० (१००) |
| ४ | शिक्षाको पहुँच बढाउनुपर्ने | १० (१००) | ८ (८०) | १६ (८०) | ६० (१००) |
| ५ | अनुगमन प्रभावकारी हुनुपर्ने | ८ (८०) | ८ (८०) | १६ (८०) | - |
| ६ | परीक्षा प्रणालीमा सुधार गर्नुपर्ने | - | १० (१००) | २० (१००) | - |
| ७ | राजनैतिक हस्तक्षेप हुन नहुने | १० (१००) | १० (१००) | २० (१००) | - |
| ८ | शैक्षिक अर्न्तक्रिया हुनुपर्ने | १० (१००) | १० (१००) | २० (१००) | - |

(नोट : कोष्ठको संख्याले प्रतिशत जनाउँछ ।) स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।